# तेस्रो वार्षिक प्रतिवेदन

# २०६२/२०६३

## राष्ट्रिय सहकारी बैंक लिमिटेड

## NATIONAL COOPERATIVE BANK LTD.

नयाँ बानेश्वर-१०, काठमाडौं

पो.ब.नं. ८९७५, इपीसी. २७११

फोन: ४४६१९०७, २११०१३७ फ्याक्स: ००९७७-१-४४६५८०५

**E-mail: info@coopbank.com.np, coopbank@wlink.com.np**

**Website: www.coopbank.com.np**

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


डा. श्री हरिकृष्ण उपाध्याय


डा. श्री [illegible] [illegible]


श्री [illegible]


[illegible]

## अध्यक्ष


श्री राजेशहरि जोशी
प्रतिनिधि - मकवानपुर व. तथा ऋ.स.स.लि. हेटौंडा

## प्रबन्ध सञ्चालक


के.श्री [illegible]
प्रतिनिधि - [illegible] लि. काठमाडौं

## सञ्चालकहरू


श्री गोविन्दबहादुर मल्ल
प्रतिनिधि - बुलबुले व. तथा ऋ.स.स.लि., सुर्खेत


श्री रमेशप्रसाद पोखरेल
प्रतिनिधि - [illegible] व. तथा ऋ.स.स.लि., [illegible]


श्री [illegible] श्रेष्ठ
प्रतिनिधि - [illegible] व. तथा ऋ.स.स.लि. काठमाडौं


श्री [illegible]
प्रतिनिधि - [illegible] व. तथा ऋ.स.स.लि. काठमाडौं


श्री भागवत श्रेष्ठ
प्रतिनिधि - मिलन व. स.स.लि., काठमाडौं


श्री विदुर चालिसे
प्रतिनिधि - स्वप्न स्वास्थ्य सेवा स.स.लि. काठमाडौं

रजिष्ट्रार - सहकारी विभाग काठमाडौं


श्री [illegible] तिवारी
प्रतिनिधि - राष्ट्रिय सहकारी संघ लि. काठमाडौं

## लेखा समिति संयोजक


श्री [illegible] शर्मा
प्रतिनिधि - [illegible] व. तथा ऋ.स.स.लि. [illegible]

## लेखा समिति सदस्य


श्री [illegible] अधिकारी
प्रतिनिधि - जिल्ला सहकारी संघ लि., [illegible]


श्री [illegible]प्रसाद [illegible]
प्रतिनिधि - जिल्ला सहकारी संघ लि. झापा

## कानूनी सल्लाहकार


श्री माधव बाँस्कोटा

द.नं. ०१/०५९/(सहकारी बैंक)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

मिति :-२०६३/८/१

श्री ........................................ सहकारी संघ/संस्था लि.

...................................................................

**विषय :- वार्षिक साधारणसभामा भाग लिन आउनेबारे ।**

यस बैंकको संचालक समितिको मिति २०६३/६/८ को निर्णयानुसार तेस्रो वार्षिक साधारणसभा उल्लेखित विषयहरू उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा उक्त सभामा भाग लिन त्यस संघ/संस्थाको तर्फबाट एक जना प्रतिनिधि पठाईदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**साधारणसभाका विषयहरू :-**

१) बैंकका अध्यक्षयूबाट प्रतिवेदन प्रस्तुत ।
२) बैंकका प्रबन्ध संचालकबाट प्रतिवेदन प्रस्तुत ।
३) आ.ब. ०६२/६३ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत ।
४) लेखा समितिको प्रतिवेदन प्रस्तुत ।
५) आ.ब. ०६३/६४ र ०६४/६५ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत ।
६) आ.ब. ०६३/६४ को लागि लेखा परीक्षकको नियूक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट १/१ जना गरी दुई जना प्रतिनिधि तोक्ने सम्बन्धमा ।
८) विविध ।

मिति : २०६३ साल पौष ८ गते शनिवार ।
समय : विहान १०:०० बजे ।
स्थान : दिपेन्द्र सभागृह, पोखरा, कास्की ।

**साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू :**

१) साधारणसभामा भाग लिन आउने प्रतिनिधिले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनु पर्नेछ ।
२) एक व्यत्तिले एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाईनेछ ।
३) साधारणसभामा भाग लिन आउने सदस्य संघ/संस्थाका प्रतिनिधिहरुको सुविधाकालागि उक्त दिन विहान ९:०० बजेदेखि नै हस्ताक्षर गर्न साधारणसभाको उपस्थिति पुस्तिका खुल्ला हुनेछ ।
४) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको बस भाडा र खाने–बस्ने व्यवस्था सम्बन्धित संघ/संस्था आफैले व्यवस्था गर्नुपर्ने छ ।

(के. वी. उप्रेती)
प्रवन्ध संचालक

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका

## शाखा तथा प्रतिनिधि कार्यालयहरु

| क्र.सं. | शाखा/प्रतिनिधि संस्थाको नाम | ठेगाना | फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| क | शाखा कार्यालय<br>राष्ट्रिय सहकारी बैंक लि.,<br>शाखा कार्यालय विराटनगर | विराटनगर, मोरङ्ग | ०२१-५२३८९८, | ०२१-५३८१५३ |
| ख | प्रतिनिधि कार्यालयहरू : | | | |
| १ | झापा जिल्ला सहकारी संघ लि. | भद्रपुर, झापा | ०२३-५२०११७ | ०२३-५२०११७ |
| २ | मकवानपुर वचत तथा ऋण सहकारी संस्था लि. | हेटौंडा, मकवानपुर | ०५७-५२०६१४, | ०५७-५२०१४९ |
| ३ | जनहितकारी वचत तथा ऋण सहकारी संस्था लि. | बीरेन्द्रनगर-३, कालागाउँ, सुर्खेत | ०८३-५२१५६२ | ०८३-५२१४८० |
| ४ | नेपा: बहुउद्देश्यीय सहकारी संस्था लि. | इटहरी, सुनसरी | ०२५-५८५८१२ | ०२५-५८५८१२ |
| ५ | एकता सहकारी संस्था लि. | बागलुङ | ०६८-५२०९४१ | ०६८-५२०३८३ |
| ६ | पोखरा रोयल सहकारी संस्था लि. | पोखरा उमनपा-११, कास्की | ०६१-५३८८३३ | ०६१-५३७८३३ |
| ७ | उपकार वचत तथा ऋण सहकारी संस्था लि. | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२३८ |

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका

## तेस्रो वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्ष राजेशहरि जोशीबाट प्रस्तुत प्रतिवेदन

२०६३

पर्यटकहरुको लागि कल्पनाको स्वर्गको रुपमा परिचित अन्नपूर्ण, माछापुच्छ्रे र फेवातालको मनोरम् दृश्यले भरिपूर्ण यस सुन्दर नगरी पोखरामा सहकारी बैंकको तेस्रो वार्षिक साधारणसभामा हाम्रो आतिथ्यलाई सहर्ष ग्रहण गरी पाल्नु हुने आदरणिय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, पूर्व मेची देखी पश्चिम महाकालीका विभिन्न सहकारी संघ/संस्थाबाट पाल्नु भएका यस बैंकका शेयर सदस्य साथीहरु, सभामा उपस्थित सम्पूर्ण महानुभाव तथा पत्रकार मित्रहरु समक्ष सहकारी बैंकको तथा मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्न चाहन्छु ।

वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पश्चात सहकारी अभियानलाई समेत अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्त अनुसार संचालन गर्ने प्रतिवद्धता अनुरुप सहकारी ऐन २०४८ पादुर्भाव भयो ।

यस पश्चात मूलुक भरी सहकारी संघ/संस्थामा केन्द्र देखि जिल्ला तहसम्मका निकायहरुको स्थापना भए भने विभिन्न जिल्ला सहकारी संघ/संस्थाहरु स्थापना हुन थाले । सहकारी ऐन प्रथम संशोधन २०५७ ले व्यवस्था गरे अनुरुप सहकारी संघ/संस्था संलग्न रहेको एक सहकारी बैंकको स्थापना गर्न सकिन्छ भन्ने मापदण्डका आधारमा आ.व. २०५७/०५८ को बजेटमा तत्कालिन सरकारले सहकारी बैंक स्थापनार्थ भनी रु.१ करोड छुट्याए पछि राष्ट्रिय सहकारी संघ लि. नेपालको सक्रियतामा मूलुकभरीका सहकारी संघ/संस्थालाई खरिद गर्न आव्हान गरियो । यसै क्रममा २०५८ चैत्र ११-१२ गते काठमाडौंमा सम्पन्न राष्ट्रिय भेलाबाट तदर्थ समिति निर्माण गरी दर्ता प्रकृयालाई अगाडी बढाईयो । विभिन्न कानुनी प्रकृया मिलाउदै नेपाल राष्ट्र बैंकको सहमतिमा २०६० साल आषाढ २५ गते यस बैंकको दर्ता हुन गयो र २०६१ श्रावण १९ गतेबाट कारोवार संचालन गरी बैंक आज यो अवस्थासम्म आइपुगेको छ ।

आदरणीय मित्रहरु,

सहकारी बैंक कतिपय आदरणीय सदस्यज्यूहरुलाई नौंलो देखिए पनि यसले ३ वर्षको उकाली ओराली पार गरिसकेको छ । सहकारी बैंकको स्थापनाले समाजमा सहकारी क्षेत्रप्रति रहेको नकारात्मक धारणाहरु पूर्ण रुपमा विस्थापित भई सहकारी एक आदर्श हो भन्ने भावनाको विकासका साथै सहकारी प्रति समाजको आकर्षणमा बृद्धि भई असिम विश्वसनीयता भएको सम्पूर्ण सहकारीकर्मी साथीहरुले अनुभव गर्नु भएको नै होला भन्ने मलाई विश्वास लागेको छ । दिन प्रतिदिन सहकारीमा आवद्ध हुन चाहनेको संख्या उल्लेखनीय रुपमा बृद्धि भएको छ तर सरकारको अदुरदर्शी नीति अनुरुप नगर क्षेत्रमा वित्तीय सहकारीको दर्ता हालसम्म पनि रोक्का नै रहेकोले यस क्षेत्रमा उर्जाशिल युवा जनशक्तिको प्रवेशमा ढोका बन्द भएकाले सहकारी क्षेत्रको पूर्ण गतिशिलतामा अवरोध आएको छ । तसर्थ सरकारसमक्ष शिघ्रं निश्चित मापदण्ड निर्माण गरी दर्ता फुकुवा गर्ने कार्य गरी नयाँ जनशक्तिहरुलाई सहकारी क्षेत्रमा प्रवेशको लागि सहज बनाई अर्थतन्त्रको मूलप्रवाहमा ल्याउने कार्यको थालनी होस् भन्ने अनुरोध छ । साथै यस अवधिमा बैंकले आफ्नो क्नो उद्देश्यका साथ प्रगतीको अग्रगामी दिशा तिर अग्रसर भएको म यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । सहकारी बैंकलाई पूर्ण बैंकको रुपमा स्थापित गर्ने हाम्रो सदैव परिकल्पना रहेकोले सो कार्यका लागि हामी क्रियाशिल रहेका छौं । सरकारको सहकारी प्रतिको अस्पष्ट नीति, देशको तरल राजनैतिक अवस्थाले गर्दा विभिन्न अवरोधहरुको सामना गरिरहनु परेको अवस्था एकातिर छ भने अर्को तिर सहकारी क्षेत्रको पूर्ण सहभागिता नभएका कारणले आर्थिक गतिशिलता हाम्रा समक्ष चुनौतिको रुपमा उभिएको छ ।

आदरणीय प्रतिनिधि साथीहरु,

जनआन्दोलनको सफलता पस्च्यात् सहकारी क्षेत्र बाहेक मुलुकका हरेक क्षेत्रले सुविधा र सहुलियत प्राप्त गरेका छन् । सरकारको अस्पष्ट आर्थिक नीति, राष्ट्र बैंकको अदुरदर्शी निर्देशन, राजस्वको जटिलता र सरकारको अनावश्यक हस्तक्षेपका कारण सहकारी क्षेत्र प्रताडित भई मर्माहत हुन पुगेको छ । विगत शाही सरकारले पनि विवशतावश निरन्तरता दिएको आयकरको सुविधा लोकतान्त्रीक सरकारले हनन गर्‍यो भनी दु:खका साथ भन्नु पर्ने अवस्था छ । पूर्वाधार विकास नभएका नगरपालिका क्षेत्र र ग्रामिण क्षेत्र पूर्ण रुपले आयकर मुक्त भएकोमा लोकतान्त्रिक सरकारले सो व्यवस्था खारेज गरी सबै नगरपालिका र नगरपालिकासंग जोडिएका ग्रामिण क्षेत्र समेतलाई ठुला बैंक तथा वित्तीय संस्था सरह अधिकतम आयकरको दायरा भित्र राखेको छ । जसले गर्दा ग्रामिण क्षेत्रको प्रबर्धन र सम्बर्धन गर्ने उद्देश्य बोकेको लोकतान्त्रिक सरकारको निर्णय उपहास पूर्ण भएको सदस्यहरुले अनुभव गर्नु भएकै छ ।

आदरणीय प्रतिनिधि मित्रहरु,

सहकारी क्षेत्र भित्र थिनै समस्याहरुको समाधानका लागि काठमाडौं जिल्ला सहकारी संघको आयोजनामा उपत्यका भित्रका सहकारी कर्मीहरुको बृहत उपस्थितिमा मिति २०६३ श्रावण २३ गते राष्ट्रिय सहकारी संघका अध्यक्ष तथा यस बैंकका सल्लाहकार दीपक प्रकाश बांस्कोटाको संयोजकत्वमा गठन भएको सहकारी समस्या समाधान समितिमा यस बैंकका अध्यक्षलाई सह-संयोजक मनोनयन गरिएको र सह-संयोजन तथा बैंकको तर्फबाट उपलब्धीपूर्ण भुमिका निर्वाह गरिएको समेत यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु ।

- सहकारी समस्या समाधान समितिको निरन्तर प्रयासबाट संघ/संस्थाले कर्जा लगानी गर्दा लिने धितो सुरक्षणको दृष्टिबन्धक पास गर्दा व्यक्ति सरह लाग्ने गरेको १ प्रतिशत रजिष्ट्रेशन शुल्क खारेज गरी बैंक तथा वित्तीय संस्था सरह लाग्ने, अस्थाई लेखा नम्बर सदस्यहरुले बैंक तथा केन्द्रिय निकायबाट प्राप्त गर्नसक्ने निर्णय भई कार्यान्वयनमा आई सकेको छ भने प्रस्तावित गरिएको ३० प्रतिशतको आयकर दरमा कटौती गर्ने, सहकारी संघ/संस्थाले ०५८ सालदेखि तिर्नु पर्ने ब्याजकर, भत्ता तथा घरभाडाको कर ( TDS) मा छुटको व्यवस्था कार्यान्वयनको प्रक्रियामा रहेको कुरासमेत अनुरोध गर्न चाहन्छु ।
- विगत वर्ष देखी नै शंसोधनको संघारमा रहेको संघ/संस्थाको कार्यक्षेत्र र नियन्त्रण प्रणालीको मत भिन्नताले संशोधन हुन नसकेको सहकारी ऐन, सहकारी क्षेत्रको प्रबर्धन र सम्बर्द्धनका हिसाबले सहकारी क्षेत्रलाई पूर्ण स्वायत्तता प्रदान गर्ने, सहकारी बैंक ऐन निर्माण नभएसम्मका लागि सहकारी बैंकलाई समावेश गर्ने, सहकारी कर्जा अशुलीका लागि विशेष योजनाको निर्माण गर्ने, संघ/संस्थाको कार्यक्षेत्र कम्तीमा १ जिल्ला कायम राख्ने गरी संशोधन हुनु पर्दछ भनी विभिन्न गोष्ठीमा तथा सम्बन्धित निकायहरुमा बैंकका तर्फबाट लिखित राय सुझाव पेश गरेको समेत अनुरोध गर्न चाहन्छु ।
- मोफसलका सहकारी संघ/संस्थाहरुले पनि यस बैंकको सेवाहरुलाई सरल रुपले प्राप्त गरी आफ्ना सदस्यहरु मार्फत आर्थिक सवलीकरण गर्न सक्षम होउन भन्ने उद्देश्यले बैंकको संजाल विस्तारको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । यस वर्षको अन्तसम्ममा अधिराज्यका २५ जिल्लामा प्रतिनिधि संस्था, स्थापना गर्न सो जिल्लामा कम्तीमा ४० संघ/संस्था सदस्य रहनु पर्ने निर्धारित मापदण्ड नपुगेका कारणले हालसम्ममा गतवर्ष स्थापना भएका झापा, सुनसरी, मकवानपुर, पोखरा, बागलुङ्ग र सुर्खेतमा यस बर्ष स्याङ्जा थप भई प्रतिनिधि संस्था ७ पुगेको छ । अन्य जिल्लाहरुमा समेत प्रतिनिधि संस्था मार्फत कारोवार गर्ने हाम्रो प्रयासलाई यहाँहरुको सक्रिय सहयोगको लागि हामी अपेक्षा गर्दछौं ।
- नेपाल राष्ट्र बैंकबाट अन्य वाणिज्य बैंकको दाँजोमा चुक्ता पूंजीको सिमा राखी सो चुक्ता पूंजी पूरा गरेपछि मात्र पूर्ण बैंकिङ्ग कारोवार गर्न पाउने निर्देशन यस वर्ष पनि यथावत नै रहेकोले अन्य बैंक सरह बैंकिङ्ग कारोवार गर्न तथा संस्थागत (गैर सहकारी) निक्षेप संकलन गर्ने कार्यक्रमलाई यस बर्ष कार्यान्वयनमा ल्याउन सकिएन, आगामी वर्षमा कार्यान्वयन गराउने हाम्रो प्रयास रहने छ ।
- नेपाल राष्ट्र बैंकले तोके वमोजिमको चुक्ता पूंजि नपुग भएको कारण देखाई अन्य बैंकिङ्ग कार्य गर्न अनुमति नदिएको हुनाले आ-आफ्नो संघ/संस्थाको क्षमताको आधारमा खरिद गरेको शेयरमा थप शेयर खरिद गरिदिनु हुन अनुरोध गर्दछु ।
- बैंकको रू.२५ लाखभन्दा बढी रकमको शेयर खरिद गर्ने सदस्य संघ/संस्थाको प्रतिनिधिलाई बैंकको संचालक समितिमा आमन्त्रित संचालकको रुपमा आमन्त्रण गर्ने र निक्षेपको आधारमा ब्याजदर निर्धारण गर्ने नीतिलाई यस बर्ष पनि निरन्तरता दिइए छ । साथै घ वर्ग अर्थात रू.५० लाख भन्दा माथिको शेयर खरिद गर्ने संचालक सदस्यको पद हालसम्म रिक्त रहेको कारण सक्षम संस्थालाई सो शेयर खरिद गरी बैंकको संचालक समितिमा आमन्त्रण गर्न चाहन्छु ।
- बैंकको कुल निक्षेप ११,८६,३८,१३०।- मध्ये मुद्दतीमा जम्मा ३७,४७,९२०।- अर्थात ३ प्रतिशत मात्र रहेकोले अत्याधिक मात्रामा तरलता कायम राख्नु पर्ने हाम्रो बाध्यता एकातिर रहेको छ भने अर्को तिर साधारणसभाको यातायात खर्च, संचालक समितिको बैंठक तथा कार्यक्रममा भएका हवाई खर्चका कारणले लाभांश वितरण गर्ने योजनाले मूर्त रुप लिन सकेन । तसर्थ आगामी वर्षहरुमा लाभांश वितरण गर्ने योजनालाई पूर्णता दिन संचालक तथा लेखा समितिको सम्पूर्ण हवाई खर्च, साधारणसभा र अन्य कार्यक्रममा हुने खर्चहरु समेतलाई कटौती गर्ने नीति अवलम्बन गरेका छौं । यसबाट आदरणीय सदस्य साथीहरुमा पर्न गएको असुबिधाका लागि हामी क्षमा माग्दै हाम्रो बाध्यतालाई सहज रुपमा मनन गरिदिन हुन अनुरोध गर्दछु ।
- मुलुकको आधा आकाश ढाकेको महिलाहरुद्वारा संचालित तथा कृषकहरुद्वारा स्थापना गरी उक्त नामबाट संचालन भएका महिला र कृषि सहकारी संघ/संस्थाहरुलाई प्रदान हुने रू.२ लाखसम्मको कर्जाको ब्याजदरमा ०.५ प्रतिशत कम गर्ने साथै बैंकबाट लिइएको कर्जा रकमलाई उद्देश्य अनुसार लगानी गरी समयमा नै कर्जा चुक्ता गर्ने सम्पूर्ण सदस्य संघ/संस्थाहरुलाई ब्याजमा ०.५ प्रतिशत छुट (Rebate) दिने व्यवस्थालाई यस बर्ष पनि निरन्तरता दिएका छौं । यस कार्यक्रममा सहभागी भई सो सहुलियत प्राप्त गर्न बिनम्रता पूर्वक अनुरोध गर्दछु ।
- यस बैंकका सदस्यहरुको मनोबल उच्च पार्न उत्कृष्ट सदस्यलाई पुरस्कृत गर्ने योजनाको थालनी गरिनेछ । यस कार्यलाई निरन्तरता दिइने छ ।

- सहकारी आन्दोलनलाई मूर्त:रुप दिन र मुलुकका सहकारी गतिविधिलाई गतिशिलता प्रदान गर्दै समाजमा सहकारी सम्बन्धी चेतना अभिबृद्धि गर्ने उद्देश्य सहित मनाइदै गरिएको सहकारी स्वर्ण महोत्सव वर्ष २०६३ लाई सफल पार्न सहकारी बैंकको सम्मानजनक उपस्थिति र सक्रिय भुमिका निर्वाह गरिरहेको स्मरण गराउदै यस पुनीत कार्यमा सबै सहकारी मित्रहरुमा सहभागिताको लागि अनुरोध गर्दछु ।

आदरणीय मित्रहरु,

बैंकको विस्तृत आर्थिक अवस्था, वित्तीय तथ्याङ्कहरु र भावी योजनाहरु प्रबन्ध संचालकज्यूले पेश गर्नु हुनेछ जसमाथि यस गरिमामय सभाले व्यापक छलफल गरी पारित गरिदिनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

मुलुकमा भएको ११ वर्ष लामो अशान्ति र द्वन्दग्रस्त अवस्थाले सम्पूर्ण बैंकिङ्ग क्षेत्र प्रभावित रहयो । अझ विशेष गरी लोकतान्त्रिक मूल्य र मान्यतामा मात्रै फस्टाउन सक्ने समग्र सहकारी क्षेत्र विगत ३ वर्षदेखि झन बढी प्रभावित हुन पुग्यो । यसै अवधिमा तत्कालिन सरकारले लाखौं लाखको संख्यामा प्रत्यक्ष सदस्य रहेको सहकारी क्षेत्रको वेवास्ता मात्रै हैन अवमूल्यान समेत गर्‍यो । सहकारी क्षेत्रसंग जोडिएर आएका पटक पटक जारी भएका अध्यादेश, परिपत्रहरु र निर्देशनहरुले यस क्षेत्रमा अझ बढी नियन्त्रण, संकुचन र समस्याहरु सृजना भएको हामी सबैले महशुस गरी रहेका छौं । तसर्थ लोकतान्त्रिक सरकार समक्ष समावेशी लोकतन्त्र भित्र सहकारी क्षेत्रलाई पनि समाहित गरी राज्य प्रणालीको पुनर्संरचनामा सहकारी क्षेत्रले पनि आफ्नो भुमिका निर्वाह गर्न अवसर प्राप्त गर्ने वातावरण होस भन्ने हामी सादर तथा विनम्रता पूर्वक अनुरोध गर्दछौं । साथै आगामी वर्षको कार्यक्रमको लागि निम्न लिखित कार्यहरुलाई कार्यान्वयनमा ल्याउन पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

- राष्ट्रिय सहकारी बैंक ऐन का निमित्त पहल गर्ने ।
- अन्तराष्ट्रिय निकायमा सम्बन्ध विस्तार गर्ने ।
- बैंकको शाखा तथा प्रतिनिधि कार्यालय विस्तारमा निरन्तरता दिने ।
- कर्जा लगानीको व्याजदरलाई पूंजीको श्रोत खोजी क्रमश: कमी गर्दै लगिने ।
- राज्यले परिभाषित गरेको विपन्नवर्गलाई लक्षीत गरी विभिन्न कार्यक्रमहरु बनाउदै कार्यान्वियन गरिने ।
- दर्ता बन्द रहेका सहकारी संघ/संस्थाको दर्ता प्रकृया खुल्ला गराउन नेपाल सरकारलाई अनुरोध गर्ने ।
- सहकारी क्षेत्रमा लगाउदै आएको कर मूक्त गराउन पहल गर्ने ।
- बैंक तथा सहकारी संघ/संस्थाको साधारणसभा प्रतिनिधि मूलक हुने व्यवस्थाको निमित्त सम्बन्धित निकायमा पहल गर्ने ।
- सरकारका तर्फबाट शेयर रकम थप गराउने प्रयास जारी राखिने ।

...ा,

यस ऐतिहासिक सहकारी बैंकको स्थापनाका लागि अथक प्रयास र अमुल्य योगदान दिई यस बैंकलाई आजको यस विकशित अवस्थासम्म ल्याउन सहयोग पुर्‍याउनु हुने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी विकास वोर्ड, बैंकका सल्लाहकारहरु, बैंकमा आवद्ध हुने सदस्यहरु, सहकारीकर्मी मित्रहरु लगायत उपस्थित अतिथिहरु, पत्रकार साथीहरु तथा साधारणसभाको व्यवस्थापनमा खट्नु भएका यस क्षेत्रका मित्रहरु, बैंकका संचालक तथा लेखा समितिका साथीहरु, कर्मचारी मित्रहरुमा पुन: एकपटक स्वागत अभिवादन तथा धन्यवाद प्रकट गर्दछु र यस साधारणसभालाई ऐतिहासिक रुपमा सफल पार्न विषेश सहयोग प्रदान गर्नु हुने राष्ट्रिय सहकारी बैंक समन्वय समितिका साथीहरु तथा राष्ट्रिय सहकारी बैंक प्रतिनिधि संस्थाका साथीहरुमा समेत आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

जय सहकारी

मिति : २०६३ पौष ८ गते,

स्थान : दिपेन्द्र सभागृह, पोखरा ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका

## प्रबन्ध संचालक के. बी. उप्रेतीद्वारा बैंकको तेस्रो वार्षिक साधारणसभामा प्रस्तुत कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन

यस गरिमामय वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्षज्यू, हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी सभाको शोभा प्रदान गर्नुहुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, बैंकका सल्लाहकारज्यूहरू, विभिन्न सहकारी संघ/संस्थाबाट पाल्नु भएका प्रतिनिधि तथा पर्यवेक्षक साथीहरू, पत्रकार मित्रहरू, सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरू तथा सहकारीका कर्मचारी साथीहरूमा सहकारी बैंक तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

आदरणीय प्रतिनिधि साथीहरू,

सहकारी संघ/संस्थाहरूको आर्थिक कारोवारलाई व्यवस्थित रुपमा परिचालन गरी सहकारी संघ/संस्थाले भोग्नु परेका आर्थिक समस्याहरूलाई निराकरण गर्न र संघ/संस्थाको प्रवर्द्धन, सम्बर्द्धन र उचित संरक्षण प्रदान गर्ने महान उद्देश्यका साथ स्थापित यस बैंक स्थापनाको तेस्रो वर्षमा प्रवेश गर्दैछ । तेस्रो वर्षमा प्रवेश गरी सक्दा पनि बैंकले पूर्णता प्राप्त गरी सकेको छैन् भनी साधारणसभा समक्ष प्रतिवेदन पेश गर्नु पर्दा हामी निश्चय नै दु:खी छौं । यो तीतो यथार्थता र बैंकलाई पूर्ण बैंकिङ्ग का रूपं स्वीकृती प्राप्त गर्नुपर्ने चुनौतीलाई आत्मसात् गर्दै उपलब्ध साधन र श्रोतबाट बैंकलाई अगाडि लैजानु परेको यथार्थता यहाँहरू समक्ष अवगत नै छ । यो यथार्थता र चुनौतीका बीच आज हामी उपस्थित भएका छौं । यिनै कुराहरूको समालोचनात्मक विश्लेषण गरी बैंकलाई मार्ग निर्देशन गर्ने कार्यमा यहाँहरूको सदा झैं सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

आदरणीय प्रतिनिधि साथीहरू,

राष्ट्रिय सहकारी बैंकबाट दोश्रो साधारणसभा देखि हालसम्म सहकारी बैंकबाट सम्पादन गरिएका कार्यहरूको प्रगती प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम बजेटलाई संक्षिप्त रुपमा यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- राष्ट्रिय सहकारी बैंकको विराटनगरमा सम्पन्न भएको दोश्रो वार्षिक साधारणसभाबाट पारित भएका प्रस्ताव तथा सुझावहरूको कार्यान्वयन गर्ने सवालमा बैंक संचालक समितिको बैठक २०६२/६३ मा ८ पटक, र चालु वर्षमा ३ पटक सम्पन्न भएको छ ।
- बैंकलाई प्रतिस्पर्धात्मक रुपमा अगाडी वढाउनु पर्ने चुनौतीलाई आत्मसात् गर्दै आधुनिक कम्प्यूटर प्रविधिको अवलम्बन गरिनुका साथै सेवालाई स्पष्ट, पारदर्शी र जवाफदेही बनाइएको छ ।
- कर्मचारी प्रशासनलाई चुस्त र व्यवसायीक बनाउने योजना अनुरुप कर्मचारीहरूको कार्य विभाजन गरी दायित्व बोध गराउने कार्यका साथै कार्यदक्षता र शीप विकासका तालीमहरूमा सहभागी गराउदै लगिएको छ ।
- बैंकको कार्यालय, शाखा कार्यालय एवं प्रतिनिधि संस्थाको कारोवार र अन्तरसम्बन्धलाई स्पष्ट र पारदर्शी ढंगले व्यवस्थापन गर्ने गरी थप कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।
- राष्ट्रिय सहकारी बैंक प्रतिनिधि संस्था कार्यालय र बैंकबाट ऋण प्राप्त गर्ने सदस्य संघ/संस्थाको नियमित, नियमन, निरिक्षण र सुपरिवेक्षण गर्ने कार्यको प्रारम्भ गरिएको छ र आगामी वर्षदेखि यस कार्यलाई निरन्तरता दिइनेछ ।
- बैंकका कार्यक्रमहरूलाई व्यवस्थित रुपमा संचालन गर्न सदस्य संघ/संस्थाका प्रतिनिधिहरूसमेत सम्मिलित गराई बैंक व्यवस्थापन, पदपूर्ति, शिक्षा तथा तालीम, बजार व्यवस्थापन, शेयर तथा निक्षेप, कर्जा उपसमितिहरू निर्माण भई कार्य प्रारम्भ समेत भै सकेको छ ।
- प्रतिनिधि संस्था कार्यालय स्थापना भएका स्थानहरूमा अन्तर सहकारी रकम स्थान्तरणको कार्य प्रारम्भ भैसकेको छ भने आगामी दिनमा अन्तर सहकारी समासोधन गृह (Clearing house), विप्रेषण (Remittance) र लघुवित्त (Micro Finance) कार्यको थालनी गरिनेछ र सदस्य संघ/संस्थाहरू वीच बैंक जमानतको लागि प्रक्रिया अगाडि बढाइनेछ ।

- सहकारी बैंक प्रतिनिधि संस्था कार्यालय स्थापना भएका जिल्लाहरू तथा प्रतिनिधि संस्था कार्यालयहरू स्थापना हुने सम्भावित जिल्लाहरूमा संचालन गर्ने लक्ष्य राखिएको सहकारी बैंकिङ्ग तालीमलाई यसै वर्ष देखि शुरुवात गरिनेछ ।
- अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को सदस्यता लिने निर्णय भएता वार्षिक तिर्नु पर्ने शुल्क धान्न कठिन हुने भएकोले उक्त निर्णय हाललाई स्थगित गरी ICBA (बैंकिङ्ग) तर्फको मात्र सदस्यता लिने प्रक्रिया शुरु गरिएको छ ।
- भारतका विभिन्न राज्य (State) का सहकारी बैंकका प्रतिनिधिहरू यस बैंकमा आउनु भई छलफल भै अन्तर सम्बन्ध कायम गर्दै लगिएको छ ।
- बैंकको सदस्यता बृद्धि सन्तोषजनक रहे पनि शेयर तथा आवधिक निक्षेप रकमको बृद्धिमा उल्लेख्य प्रगती हुन नसकेकोले आशातित सफलता प्राप्त गर्न सकिएन । यसवर्ष शेयर तथा निक्षेप बृद्धिका लागि विशेष पहल गरिने छ ।
- सहकारीका कार्यक्रम, सभा सम्मेलन, गोष्ठी, अन्तरक्रिया, तालीम, अवलोकन भ्रमण आदिमा बैंकको क्षमताले भ्याएसम्म अध्यक्ष, प्रबन्ध संचालक, संचालक समिति, लेखा समिति, उपसमिति र कर्मचारीहरूले भाग लिने र बैंकका तर्फबाट सल्लाह सुझावहरू राख्ने कार्य भएको छ ।
- यस बर्ष सहकारी बैंकको सदस्यता तथा कारोवार बृद्धि गर्ने उद्देश्यले काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, बाग्लुङ्ग, स्याङ्जा, गोर्खा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, मोरङ्ग, झापा, सुनसरी, ताप्लेजुङ्ग, कास्की, सुर्खेत, दोलखा, म्याग्दी, तनहुँ आदि जिल्लाहरूमा अन्तर्क्रियात्मक गोष्ठी, भेला सम्पन्न गरिसकिएको छ भने यसै वर्ष भित्र अन्य जिल्लाहरुमा समेत संचालन गर्ने कार्यक्रम राखिएको छ ।
- गत साधारणसभाबाट पारित नियमित तथा अनिवार्य वचतलाई यसै आ.व. भित्र सुरु गरी सबै सदश्य संघ/संस्थाहरू विच पुऱ्याइने छ ।
- सहकारी संघ/संस्थाहरूलाई आवश्यक पर्ने कम्प्यूटर सफ्टवयर बैंक मार्फत सकेसम्म न्यूनतम् शुल्कमा उपलब्ध गराइने व्यवस्था मिलाइएको छ ।
- नेपाल सरकारसंग रू.२ करोड शेयर पूंजी थप माग गर्ने, राष्ट्र बैंकबाट पूर्ण स्वीकृतीको इजाजत लिने तथा छुट्टै सहकारी बैंक ऐन निर्माण गर्ने कार्य प्रयास गरेता पनि यस वर्ष सफल हुन सकिएन यस कार्यका लागि आगामी वर्षमा विषेश पहल कदमी बढाइनेछ ।
- गत साधारणसभामा पारित भएका निर्णयहरू र सदस्य महानुभावहरूले प्रदान गर्नु भएका अमूल्य सुझावहरूलाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको समेत अनुरोध गर्न चाहन्छु ।
- मानव संशाधनको व्यवस्थापन तर्फ हाल निम्न बमोजिमका कर्मचारीहरु कार्यरत रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

| कर्मचारी | सख्या |
|---|---|
| प्रबन्ध संचालक | १ |
| प्रबन्धक | १ |
| अधिकृत | १ |
| वरिष्ठ सहायक | ३ |
| शाखा कार्यालय प्रमुख | १ |
| सहायक | १ |
| कनिष्ठ सहायक | १ |
| पिएन | १ |
| जम्मा | १० |

- प्रतिनिधि संस्था कार्यालय विस्तार कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । स्याङजा (वालिङ) मा भर्खरै मात्र कारोवार सुरु गरिएको छ । प्रतिनिधि संस्थाहरुको कारोवारीक तालिका निम्न बमोजिम रहेको छ ।

## प्रतिनिधि संस्थाको विवरण :

२०६३ आषाढ मसान्तसम्म (रू. ०००)

| क्र सं. | संस्थाको नाम | कारोबार शुरु मिति | निक्षेप | कर्जा लगानी | नाफा (नोक्सान) |
|---|---|---|---|---|---|
| १ | जिल्ला सहकारी संघ, झापा | १७ जेष्ठ २०६२ | २५,९१६ | ७,४७५ | २५ |
| २ | मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. | १७ जेष्ठ २०६२ | ६४३ | २०० | (२०) |
| ३ | जनहितकारी बचत तथा ऋण स. संस्था लि. सुर्खेत | १६ आश्विन २०६२ | १७९० | १६१९ | (७) |
| ४ | नेपाः बहुउदेश्यीय स.संस्था लि.-इटहरी | ०३ माघ २०६२ | ५,९४० | ६५० | ४ |
| ५ | एकता सहकारी संस्था लि. - बाग्लुङ | १६ फाल्गुण २०६२ | ४५ | – | (२६) |
| ६ | पोखरा रोयल को-अपरेटिभ लि. | ०६ चैत्र २०६२ | ४७९० | २०० | (९) |
| ७ | उपकार बचत तथा ऋण स. संस्था लि. | २२ मार्ग २०६३ | – | – | – |

**आदरणीय प्रतिनिधि साथीहरू ,**

**सहकारी बैंकको शेयर पूंजी, निक्षेप, कर्जा तथा लगानी आय, व्यय र नाफा नोक्सान सहितको वित्तीय विवरण, कार्यक्रम तथा बजेट निम्नानुसार रहेको प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरूलाई जानकारी गराउन चाहन्छु ।**

**आर्थिक वर्ष २०६२/६३ मा बैंकले सम्पादन गरेको कार्यहरुको सुक्ष्म वित्तीय झलक निम्न बमोजिम प्रस्तुत गरिएको छ ।**

| क्र स | विवरण | २०६१/६२ | २०६२/६३ | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|
| १ | शेयर पुजिं | ३८७१६ | ४४८८७ | १६ |
| २ | निक्षेप | ५६२२७ | ११८६३८ | १११ |
| ३ | कर्जा सापट तथा लगानी | ५८७८९ | १३६०४८ | १३१ |
| ४ | व्याज आम्दानी | ४३४० | ९४७७ | ११८ |
| ५ | व्याज खर्च | ११३४ | ४४८३ | २९५ |
| ६ | खुद व्याज आम्दानी | ३२०६ | ४९९४ | ५६ |
| ७ | अन्य संचालन आम्दानी | ४४४ | १००२ | १२६ |
| ८ | कुल संचालन आम्दानी | ३६५० | ५९९६ | ६४ |
| ९ | अन्य खर्च | ३४०२ | ५३६९ | ५८ |
| १० | कुल संचालन मुनाफा | २४८ | ६२७ | १५३ |
| ११ | गैह संचालन खर्च र व्यवस्था | २३८ | ६०१ | १५३ |
| १२ | खुद मुनाफा | १० | २६ | १६० |

## आर्थिक वर्ष ०६२/६३ को वास्तविक, ०६३/६४ को अनुमानित
# कार्यक्रम तथा वजेट तालिका

(रु हजारमा)

| विवरण | अनुसुची | ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| कर्जा सापट तथा लगानी | १ | १३६०८४ | १९०००० |
| निक्षेप | | ११८६३८ | १४५००० |
| शेयर पुंजी | | ४४८८७ | ८२५०० |

क आम्दानी तर्फ

(रु हजारमा)

| विवरण | अनुसुची | ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| व्याज आम्दानी | | ९४७७ | १३००० |
| विविध आम्दानी | | १००२ | २००० |
| जम्मा आम्दानी | | १०४७९ | १५००० |

ख खर्च तर्फ

(रु हजारमा)

| विवरण | अनुसुची | ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| व्याज खर्च | | ४४८३ | ६५०० |
| कर्मचारी खर्च | २ | १६१६ | १६८५ |
| कार्यालय संचालन खर्च | ३ | ३७५३ | ३४९५ |
| जोखिम सम्बन्धी खर्च | | ५९८ | ११५० |
| प्रर्वद्धनात्मक खर्च | ४ | | ११०० |
| जम्मा खर्च | | १०४५० | १३९३० |

ग नाफा (नोक्सान )

(रु हजारमा)

| विवरण | | ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| कुल आम्दानी | | १०४७९ | १५००० |
| कुल खर्च | | १०४५० | १३९३० |
| नाफा (नोक्सान) | | २९ | १०७० |

घ शेयर सदस्य

| विवरण | | ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| सदस्यता संख्या | | ९५६ | १४९० |
| आंशिक शेयर | | ७२ | १२० |
| जम्मा | | १०२८ | १६१० |

अनुसूची १

कर्जा सापट तथा लगानी

(रु हजारमा)

| विवरण | | आ. व. ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| लगानी | | | ४५००० |
| व्यापारिक कर्जा | | | ५८००० |
| आकस्मिक कर्जा | | | १४५०० |
| कृषि तथा महिला कर्जा | | | ७२५० |
| विपन्न तथा लघुवित्त कर्जा | | | ७२५० |
| औद्योगिक कर्जा | | | २९००० |
| हायर पर्चेज कर्जा | | | १४५०० |
| स्वास्थ तथा शैक्षिक कर्जा | | | ७२५० |
| बैदेशिक रोजगार कर्जा | | | ७२५० |
| कुल कर्जा लगानी | | १३६०८४ | १९०००० |

अनुसूची २

कर्मचारी खर्च

(रु हजारमा)

| विवरण | | आ. व. ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| तलब भत्ता | | १०१० | ११७५ |
| संचयकोष खर्च | | ३३ | ३५ |
| दशैं खर्च | | ८२ | ८५ |
| यातायात खर्च | | ९१ | १०० |
| तालीम खर्च | | १० | १५ |
| पोसाक खर्च | | ५६ | ४८ |
| ओभरटाइम खर्च | | ३० | ३५ |
| विदा खर्च | | ५१ | २० |
| उपदान व्यवस्था खर्च | | ५१ | ५२ |
| व्यापार प्रवद्धन खर्च | | २०१ | १२० |
| कुल कर्मचारी खर्च | | १६१६ | १६८५ |

अनुसूची ३

कार्यालय संचालन खर्च

(रु हजारमा)

| विवरण | | आ. व. ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| घर भाडा | | २९७ | ३२५ |
| विमा खर्च | | १७ | १० |
| बिजुली बत्ती पानी | | ३२ | ४० |
| हुलाक टेलिफोन फ्याक्स | | ८६ | १५० |

| | | | |
|---|---|---|---|
| छपाइ तथा मसलन्द | | १८३ | २०० |
| पत्रपत्रिका | | १० | १५ |
| विज्ञापन तथा पवर्द्धन | | ७८ | १२० |
| सुरक्षा | | ३८ | ५० |
| भ्रमण खर्च | | ७१ | १०० |
| अतिथि सत्कार | | १०८ | १२५ |
| बैठक खर्च ( सं स ) | | ६५ | ८० |
| चिया नास्ता खर्च ( सं स ) | | २७ | ३० |
| यातायात खर्च ( सं स ) | | २८४ | २५० |
| टेलिफोन खर्च ( सं स ) | | १७७ | १७० |
| पत्रपत्रिका खर्च ( सं स ) | | २४ | २५ |
| अन्य उप-समिति खर्च | | ५८ | ६० |
| फ्लोरिङ खर्च | | ३३ | ३० |
| मर्मत संभार खर्च | | ७८ | ७० |
| लेखापरिक्षण खर्च | | २४ | ३० |
| नखप्ने खर्च | | १४ | २५ |
| विविध खर्च | | ३० | ३५ |
| शाखा विस्तार खर्च | | ५२ | ५५ |
| अपलेखन खर्च | | १८५ | २०० |
| ह्रासकट्टी खर्च | | ५९४ | ६०० |
| साधारण सभा खर्च | | ८८१ | ४५० |
| कार्यक्रम खर्च | | ३०६ | २५० |
| जम्मा | | ३७५३ | ३४९५ |

## अनुसुची ४

### प्रवर्द्धनात्मक खर्च

(रु हजारमा)

| विवरण | | आ. व. ०६२।६३ को वास्तविक | ०६३।६४ को अनुमानित |
|---|---|---|---|
| संजाल विस्तार | | | २५० |
| शिक्षा तथा तालिम | | | २०० |
| सुचना, संचार तथा प्रकाशन | | | ५० |
| अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण | | | ७० |
| सहकारी पुरस्कार | | | ३० |
| सदस्यता/नविकरण | | | ५०० |
| कुल प्रवर्द्धनात्मक खर्च | | | ११०० |

आदरणीय प्रतिनिधि साथीहरू,

प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस बैंकको प्रगती र प्रर्बद्धनका लागि यहाँहरूको सक्रिय सहयोग तथा सुझाव प्राप्त हुने अपेक्षा राख्दै आफ्नो प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु ।

धन्यवाद

जयसहकारी

मिति : २०६३/९/८

स्थान : दिपेन्द्र सभागृह, पोखरा, कास्की ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको तेस्रो साधारणसभामा प्रस्तुत
## लेखा समितिको प्रतिवेदन

आदरणीय सभाध्यक्ष ज्यू,
साथै सहभागी सदस्य महानुभावहरु,

राष्ट्रिय सहकारी बैंकको तेस्रो वार्षिक साधारणसभामा सहभागी महानुभावहरुमा लेखा समितिको तर्फवाट हार्दिक अभिवादन गर्न चाहन्छु ।

बैंकको आज सम्पन्न हुन गैरहेको वार्षिक साधरणसभामा लेखा समितिले आ.व २०६२/०६३ मा गरेका गतिविधिहरुका बारेमा र बैंकको लेखा सम्बन्धि नीतिगत विषयमा समेत भए गरेका कार्यहरु तथा साधरणसभामा सूचित गर्नु पर्ने विषयहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बैकले कारोवार गरेको तीन आर्थिक वर्ष पुरा भएको र सहकारी संघ/संस्थाहरुसंग मात्र कारोवार गर्नुपर्ने बाध्यता, सदस्य संस्थाहरु देश भरी छरिएको अवस्थाको कारणले पनि बैकिङ्ग करोवारको लेखा राख्दा रहेको साना तिना त्रुटिहरु अध्यक्ष, प्रवन्ध संचालक र संचालक समितिसंग सोधनी तथा छलफल गरी व्य वस्थीत लेखा राख्न सुझाव, सल्लाह दिने काम लेखासमितिले गर्दै आएको छ । यसरी लेखा हेर्ने काममा समितिको बैठक आर्थिक बर्ष ०६२।०६३ मा ४ पटक, संयुक्त बैठक ८ पटक बसेको थियो भने चालु आर्थिक वर्षमा पनि २ पटक एकल र एकपटक संयुक्त बैठक बसी आफ्नो काम कर्तव्यमा लगनशिल रहेको कुरा स्मरण गराउदछौं ।

मित्रहरु !

बैंकको लेखा राख्ने क्रममा सम्पूर्ण लेखा प्रणाली कम्प्यूटरको माध्यमबाट हुने र दैनिक अभिलेख उतार्ने साथै आवश्यक पर्ने खर्चका विल भर्पाइ (सपोर्टिङ कागजात) दुरुस्त राखी सहायक खाताहरुको समेत व्यवस्था गरी अभिलेख राख्ने गरेको हुंदा भए गरेको कारोवार कुनै वेला हेर्न बुझ्न सकिने गरी पारदर्शी रहेको छ । दैनिक हिसाव व्यवस्थित राख्ने काममा बैंकका नगद तथा लेखा, कर्जा, प्रसाशन विभागहरुमा काम गर्ने सबै कर्मचारीहरु अत्यन्त मेहनत र सतर्कता पूर्वक खटेका साथै प्रवन्ध संचालकज्यूले सन्तुलित प्रशासन चलाएको लेखा समितिले महशुस गरेको छ । लेखा समितिले आवश्यक सल्लाह सुझाव संचालक समितिमा राख्दै आएको छ । सञ्चालक समितिले ग्रहण गरी कार्यान्वयन समेत भएकै छ तथापी साधरणसभामा सदस्यहरु सामु केही टिप्पणी तथा सुझावहरु राख्दा यो गरिमामय साधारणसभाले छलफल गरी निर्णयमा पुगी आगामी दिनलाई मार्ग निर्देशन गर्ने हुदाँ निम्न अनुसार बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. बैकले गत आ.व. ०६२/०६३ मा शेयरपूंजी ४,४१,५२,१००।- र निक्षेपतर्फ ९,७७,५४,४९५।- पुऱ्याउने लक्ष्य लिएकोमा शेयर पूंजी तर्फ १०१.६७% र निक्षेपमा १२१.३६% प्राप्त भएको छ । यो स्थितिले बैंकको सकारात्मक पक्ष उजागर गराउछ ।
२. ऋण तथा लगानी तर्फ आ.ब.२०६२/६३ मा ११,८४,५९,५५५।- लक्ष्य राखिएको थियो । यसमा १३,६०,८३,८५१।- भएको छ । यो पनि लक्ष्य भन्दा ११४.८८ % बढी उपलब्धी हासिल गरेको छ ।
३ आम्दानी तर्फको अनुमान ९२,५०,०००।- खर्च ९२,१०,८२१।- गरी मुनाफा ३९,१७९।- हुने अनुमानमा क्रमशः आम्दानी १,०४,७८,९४०।- र खर्च १,०४,४९,८९१।- मुनाफामा २९,०४९।- भएको छ । यो अंकलाई अध्ययन गर्दा आम्दानी तर्फ लक्ष्य भन्दा ६,२८,९४०। - बढी एता पनि खर्च अनुमान भन्दा धेरै भएकोले मुनाफा लक्ष्यमा पुग्न नसके जस्तो देखिन्छ तर निक्षेप अनुमान भन्दा २,०८,८३, ६७१।- बढी प्राप्त भएको हुँदा ब्याज खर्च ४० लाख अनुमान गरेकोमा ४४,८३,२२४। - भएकोले यस्तो देखिन आएको छ ।
४. बैंक संचालन भएको दोश्रो वर्ष देखि पूर्व संचालन खर्चलाई वार्षिक आम्दानीबाट कट्टा गर्दै जाने कार्य शुरु गरिएको छ र यो वर्ष १,८४,९७८।- कट्टा गरिएको छ ।
५. बैंक संचालक समितिले सिमित श्रोतमा बैंक संचालन गर्नु पर्ने श्रोत विस्तार गर्न कानूनी अड्चन यथावत रही रहेको हुँदा खर्चलाई न्यून गर्दै जाने र पूर्व संचालन खर्च पूर्ति गरी शेयरधनी संघ/संस्थालाई लाभांश लिने लक्ष्य राखी भाडा वापत खर्च हुने ठूलो रकम यस वर्षबाट वचत गर्ने नीति लिएको देखिन्छ । यसबाट खर्च कम भै बैंक मुनाफामा जान सहयोग पुग्ने विश्वास लेखा समितिले लिएको छ ।

आदरणीय प्रतिनिधि सदस्यज्यूहरु ,
माथि उल्लेख गरिएको तथ्यगत अंकहरुको आधारमा हेर्दा बैंकले आ.ब.२०६२/६३ को अनुमानित लक्ष्य प्राप्त गर्न सफल भएको छ । यो सफलता सदस्य संघ/संस्थाहरुको विश्वासको आधारमा संचालक समितिको लगनशिलता र कर्मचारीको मेहनत हो भन्ने लेखा समितिलाई महशुस भएको छ ।

मित्रहरु,

बैंकको गत साधारणसभामा आ.ब. २०६३/६४ को पनि निक्षेप, कर्जा, लगानीका साथै आम्दानी खर्चको अनुमानित अंक र कार्यक्रम समेत पारित गरेको थियो । त्यस अनुसार लक्ष्य प्राप्त गर्न सके नसकेको प्रथम चौमाशिक अवधिको (२०६३/७/३० सम्मको) लेखा जाँच गरिएको छ । प्रथम चौमाशिक भित्र शेयर पूंजी तर्फ २०६२/३/३२ भन्दा पछाडी १३,८५,०००। - मात्र बृद्धि भएको छ । यसै अनुपातमा थप

हुँदा आ.ब.को अन्त्य सम्ममा ४१,५५,०००।- मात्र थप भै ४,८३,०७,१००।- मात्र पुग्ने देखिएको हुँदा यसै साधारणसभाबाट शेयर पूंजी बृद्धि सम्बन्धमा व्यापक छलफल गरी तदनुरुप संचालक समितिले कार्यान्वयन गरी नेपाल राष्ट्र बैंकले तोकी दिएको शेयर पूंजी जम्मा गर्न सफल गराउनु पर्ने देखिन्छ ।

निक्षेप संकलन कर्जा तथा लगानी तर्फ भने वार्षिक अनुमान मध्ये प्रथम चौमाशिकमा उत्साहजनक नै प्रगति भएको देखिन्छ । यद्यपी दिगो वचतमा कम र चालु वचतमा ठूलो रकम जम्मा भएको छ । यसले गर्दा बैकले तरलता बढी राख्नु पर्ने, लामो अवधिको कर्जा लगानी गर्न नसकिने स्थिति गत सालको जस्तै रहेको हुँदा मुद्दती, क्रमिक र अनिवार्य वचत बृद्धि गर्दै दैनिक मौज्दातमा ब्याज दिनुपर्ने निक्षेप कम गर्दै जानुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

आदरणीय प्रतिनिधि मित्रहरु,

माथि प्रस्तुत गरिएका विषयहरु र बैंकको आन्तरिक लेखा परिक्षणका आधारमा लेखा समितिलाई महशुस भएका विषयहरु निम्न अनुसार सुझावका रुपमा प्रस्तुत गरिएको छ । यसले बैंकको लेखा पद्धतिलाई अझ चुस्त, दुरुस्त र पारदर्शी राख्न सहयोग पुग्ने छ भन्ने आशा लिएका छौं ।

क) बैंकले वार्षिक कार्यक्रम पारित गर्दा चौमासिक आधारमा विभाजन गर्नु पर्ने र उपलब्धी पनि हरेक चौमासिक आधारमा समिक्षा गर्नु पर्छ यसो गर्दा प्रथम चौमासिकमा पूरा गर्न नसकिएका चौमासिक लक्ष्यलाई आउने चौमासिकमा पूरा गर्ने तर्फ ध्यान पुग्न सक्छ र वार्षिक लक्ष्य प्राप्त गर्न सहज हुन्छ भन्ने लेखा समितिको सुझाब रहेको छ ।

ख) यस वर्षको कारोवारको समिक्षा गर्दा बैंक संजाल विस्तार हुदै गएपछि सेवा प्रदान गर्न र कारोवार बृद्धिमा प्रगती भएको देखिएको हुँदा संजाल बृद्धिको कामलाई प्राथमिकताका साथ अघि बढाउनु पर्ने देखिन्छ । यसमा अहिलेसम्म संचालनमा अचमा संस्था र प्रतिनिधि कार्यालयको स्थलगत निरिक्षण गर्ने कार्यलाई अझै व्यवस्थित गर्नु पर्ने सुझाव रहेको छ ।

ग) बैंकले सदस्य संघ/संस्थाको क्षमता बृद्धि तथा आर्थिक कारोवार व्यवस्थित गर्न सक्षम बनाउदै लाने चुस्त, दुरुस्त लेखा राख्ने, कर्जा सदुपयोगीता लगायत विषयमा कमसेकम वर्षमा एक पटक अनिवार्य क्षेत्रगत आधारमा तालीम संचालन गर्नु पर्ने यस्ता कार्यक्रममा बैंकसंग कर्जा लिने संघ/संस्थाहरुलाई अनिवार्य सहभागी गराउने व्यवस्था गर्नुपर्ने विषयलाई अझ व्यवस्थित गर्दै लानु पर्ने सुझाव पेश गर्दछौं ।

घ) बैंकले संझौता गरी खोलेको प्रतिनिधि कार्यालयहरुमध्ये केहीको कारोवार सन्तोष जनक नरहेको हुँदा व्यवस्थित गर्ने कार्य योजना बनाई कार्यदल गठन कार्यरत रहेको हुँदा सबै प्रतिनिधि कार्यालयलाई व्यवस्थित गराई आगामी साधारणसभा देखि प्रतिनिधि कार्यालयहरुको कारोवार समेत प्रतिवेदनमा समावेश गर्न सुझाव पेश गरिएको छ ।

अन्त्यमा माथि उल्लेखित टिप्पणी तथा सुझावहरु उपर गहन छलफल गरी उचित निर्णयमा पुगी कार्यान्वयन हुने अपेक्षा सहित धन्यवाद ।

मिति २०६३/०९/०८

लेखा समिति
राष्ट्रिय सहकारी बैंक लि.

**R Thapa & Associates**
*Chartered Accountants*

Kathmandu, Nepal
Tel: +977-1-4269897
Email: rthapa69@gmail.com

**राष्ट्रिय सहकारी बैंक लिमिटेडका**
**शेयरधनी सदस्यहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन**

हामीले राष्ट्रिय सहकारी बैंकको यसै साथ संलग्न ३२ आषाढ २०६३ को वासलात, सो मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मानहरु (Nepal Standards on Auditing) का आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती मानहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हामीले परीक्षण गरेका वित्तीय विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं:

क) लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टिकरणहरु उपलब्ध भएका छन्,

ख) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण नेपाल लेखामान, सहकारी विभागको निर्देशन एवं प्रचलित कानूनलाई पालना गरी तयार भएका छन र बैंकले राखेका हिसाब किताबसंग दूरुस्त रहेका छन,

ग) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकको कारोवार सन्तोषजनक रहेको पाइयो,

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा बैंकका कुनै कर्मचारीले कानूनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, सहकारी विभागले जारी गरेको निर्देशन पालना नगरेको वा बैंक, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं, र

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले नेपाल लेखामान तथा सामान्यत: सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार बैंकको २०६३ साल आषाढ मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको वर्षको संचालन नतीजा र नगद प्रवाहको सारभूतरुपमा यथार्थ एवं समूचित चित्रण गर्दछ ।

R. Thapa & Associates, Kathmandu Nepal, Chartered Accountants

राजन थापा, सी. ए.
आर थापा एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति: २०६३ कार्तिक १५ गते
१ नोभेम्बर, २००६
स्थान: काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## वासलात

## २०६३ आषाढ ३२ गते

| गत वर्ष रु. | बिवरण | अनुसूची | यस वर्ष रु. |
|---|---|---|---|
| | <u>पूंजी तथा दायित्व</u> | | |
| ३८,७१६,१०० | शेयर पूंजी | १ | ४४,८८७,१०० |
| १०,१३९ | जगेडा तथा कोषहरु | २ | ३६,५४७ |
| ५६,२२७,११४ | निक्षेप | ३ | ११८,६३८,१३० |
| ४३४,९८२ | अन्य दायित्व | ४ | ८३०,१४७ |
| ९५,३८८,३३४ | कुल पूंजी तथा दायित्व | | १६४,३९१,९२५ |

| गत वर्ष रु. | बिवरण | अनुसूची | यस वर्ष रु. |
|---|---|---|---|
| | <u>सम्पत्ति</u> | | |
| ३२,९४७,०६१ | नगद तथा बैंक मौज्दात | ५ | २५,०७३,१७८ |
| ५८,७८९,४९४ | कर्जा सापट तथा लगानी | ६ | १३६,०८३,८५१ |
| २,०६३,८८७ | स्थिर सम्पत्ति | ७ | १,८०४,९६४ |
| १,५८७,८९२ | अन्य सम्पत्ति | ८ | १,४२९,९३१ |
| ९५,३८८,३३४ | कूल सम्पत्ति | | १६४,३९१,९२५ |

प्रमुख लेखा नीतिहरु — अनुसूची १५

लेखा सम्बन्धी टिप्पणीहरु — अनुसूची १६

१ देखि ८ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन ।

संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| मोहन कार्की | के. बी. उप्रेती | राजेशहरि जोशी | राजन थापा, सी.ए. |
| लेखापाल | प्रवन्ध संचालक | अध्यक्ष | आर थापा एण्ड एशोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः १५ कात्तिंक, २०६३

स्थानः बानेश्वर, काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## नाफा नोक्सान हिसाब

### २०६२ श्रावण १ गतेदेखि २०६३ आषाढ मसान्तसम्मको

| गत वर्ष रु | विवरण | अनुसूची | यस वर्ष रु |
|---|---|---|---|
| ४,३४०,३१६ | व्याज आम्दानी | ९ | ९,४७७,१०७ |
| १,१३४,२९४ | व्याज खर्च | १० | ४,४८३,२२४ |
| ३,२०६,०२३ | **खुद व्याज आम्दानी** | | ४,९९३,८८३ |
| ४४३,९७० | अन्य सञ्चालन आम्दानी | ११ | १,००१,८३३ |
| ३,६४९,९९३ | **कुल सञ्चालन आम्दानी** | | ५,९९५,७१५ |
| १,२२४,८०५ | कर्मचारी खर्च | १२ | १,६१६,१९२ |
| २,१७७,०८३ | अन्य संचालन खर्च | १३ | ३,७५२,५५० |
| २४८,१०४ | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | ६२६,९७४ |
| २३२,०१२ | सम्भावित नोक्सानी व्यवस्था | | ५९७,९२५ |
| १६,०९३ | **सञ्चालन मुनाफा** | | २९,०४९ |
| – | गैह्र संचालन आम्दानी / (नोक्सान) | | – |
| – | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | – |
| १६,०९३ | **नियमित कारोवारबाट भएको मुनाफा** | | २९,०४९ |
| – | खर्च) | | – |
| १६,०९३ | **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | २९,०४९ |
| १,१२६ | कर्मचारी बोनस व्यवस्था | | २,६४१ |
| ४,८२८ | आयकर व्यवस्था | | |
| १०,१३९ | **खुद नाफा र (नोक्सान)** | | २६,४०८ |

संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| मोहन कार्की<br>लेखापाल | के. बी. उप्रेती<br>प्रवन्ध संचालक | राजेशहरि जोशी<br>अध्यक्ष | राजन थापा, सी.ए.<br>आर थापा एण्ड एशोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

मिति: १५ कार्तिक, २०६३
स्थान: वानेश्वर, काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## नाफा नोक्सान बाँडफाँड हिसाब

## आर्थिक वर्ष २०६२।६३

| गत वर्ष रु | विवरण | अनुसूची | यस वर्ष रु |
|---|---|---|---|
| | **आम्दानी** | | |
| | गत वर्षसम्मको संचित मुनाफा | | ७,६०४ |
| १०,१३९ | यस वर्षको मूनाफा | | २६,४०८ |
| १०,१३९ | **जम्मा** | | ३४,०१२ |
| | **खर्च** | | |
| | गत वर्षसम्मको संचित नोक्सान | | |
| | यस वर्षको नोक्सान | | |
| २,५३५ | साधारण जगेडा कोष | | ६,६ |
| | सहकारी विकास कोष | | |
| | कर्मचारी सम्बन्धी जगेडाहरु | | |
| | प्रस्तावित लाभांश | | |
| २,५३५ | **जम्मा** | | ६,६०२ |
| ७,६०४ | **संचित मुनाफा र (नोक्सान)** | | २७,४१० |

संलग्न प्रतिवेदनको आधारमा

**मोहन कार्की**
**लेखापाल**

**के. बी. उप्रेती**
**प्रवन्ध संचालक**

**राजेशहरि जोशी**
**अध्यक्ष**

राजन थापा, सीपा,
आर थापा एण्ड एशोसिएट्र
चार्टर्ड एकाउन्टेन्ट्स

मिति: १५ कार्त्तिक, २०६३
स्थान: वानेश्‍वर, काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## नगद प्रवाह विवरण

### आर्थिक वर्ष २०६२/६३

| गत वर्ष रु | | विवरण | यस वर्ष रु |
|---|---|---|---|
| | (क) | **संचालन गतिविधिबाट नगद प्रवाह** | |
| १०,९३९ | | आयकर व्यवस्था अगाडिको नाफा | ३६,४०८ |
| ४५७,५१६ | | **जोड्ने** | १,४२७,०४४ |
| | १ | स्थिर सम्पत्ति बिक्रीमा नोक्सान | |
| २२५,५०४ | २ | ह्रासकट्टी | ५९३,६५१ |
| | ३ | पूर्व संचालन खर्च अपलेखन | १८४,९७८ |
| | ४ | लगानीमा संभावित हानी बापत व्यवस्था | |
| २३२,०१२ | ५ | संभावित कर्जा नोक्सानी व्यवस्था | ५९७,९२५ |
| | ६ | कर्मचारी उपदान व्यवस्था | ५०,५०० |
| | ७ | कर्मचारी बोनस व्यवस्था | - |
| | ८ | लगानी समायोजन कोष | |
| | ९ | कर्जा सापटीमा व्याज | |
| | १० | शेयर तथा डिवेञ्चर बिक्रीमा नोक्सान | |
| | | घटाउने | |
| | १ | स्थिर सम्पत्ति बिक्रीमा नाफा | |
| | २ | लगानीमा समायोजन कोष कमी | |
| | ३ | शेयर तथा डिवेञ्चर बिक्रीमा नाफा | |
| | ४ | लगानीबाट आम्दानी | |
| ४६७,६५५ | | **समायोजन पछिको नाफा** | १,४६३,४५२ |
| | | कार्यशील पूंजिमा भएको परिवर्तन | |
| (१७५,५७८) | १ | चालु दायित्वमा वृद्धि वा (कमी) | ५९१,२०१ |
| ३९८,६८१ | २ | चालु सम्पत्तिमा कमी वा (वृद्धि) | (४१,५४१) |
| ६९०,७५८ | | **आयकर भुक्तानी अगाडि संचालनबाट नगद प्रवाह** | २,००३,१२३ |
| | | **घटाउने** | |
| | | यस आ. व. मा आयकर भुक्तानी | |
| ६९०,७५८ | | **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | २,००३,१२३ |
| | | | |
| | (ख) | **लगानी गतिविधिको नगद प्रवाह** | |
| (१,९३९,५५०) | १ | स्थिर सम्पत्ति खरिद | (३३४,७२९) |
| | २ | स्थिर सम्पत्ति बिक्रि | |
| | ३ | शेयर लगानी तथा खरिद वा बिक्रि | |
| | ४ | शेयर तथा डिभेञ्चरबाट प्राप्त आम्दानी | |
| **(१,९३९,५५०)** | | **लगानी गतिविधिमा खुद नगद प्रयोग** | (३३४,७२९) |
| | (ग) | **वित्तीय गतिविधिको नगद प्रवाह** | |
| ५६,२२७,११४ | १ | निक्षेप हिसाबमा वृद्धि वा (कमी) | ६२,४११,०१७ |
| (५८,७८९,४९४) | २ | कर्जा सापटी तथा लगानीमा कमी वा (वृद्धि) | (७८,१२४,२९४) |
| ४,९८५,००० | ३ | चुक्ता शेयर पूंजिमा भएको वृद्धि (बोनश शेयर बाहेक) | ६,१७१,००० |
| | ४ | कर्जा तथा सापटीमा व्याज भुक्तानी | |
| | ५ | लाभांश वितरण | |
| २,४२२,६२० | | वित्तीय गतिविधिबाट खुद नगद प्रवाह | (९,५४२,२७७) |
| १,१७३,८२८ | | **कुल गतिविधिबाट नगद प्रवाह (क + ख + ग)** | (७,८७३,८८३) |
| | | **जोड्ने** | |
| ३१,७७३,२३३ | | **गत वर्षको बैंक तथा नगद मौज्दात** | ३२,९४७,०६१ |
| ३२,९४७,०६१ | | **कुल नगद तथा बैंक मौज्दात** | २५,०७३,१७८ |

संलग्न प्रतिवेदनको आधारमा

| | | | |
|---|---|---|---|
| **मोहन कार्की** | **के. बी. उप्रेती** | राजेशहरि जोशी | राजन थापा, सी.ए. |
| लेखापाल | प्रबन्ध संचालक | अध्यक्ष | आर थापा एण्ड एशोसियट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स |

मितिः १५ कार्त्तिक, २०६३

स्थानः बानेश्वर, काठमाडौं

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

### आर्थिक वर्ष २०६२/६३

| विवरण | शेयर पूंजी | शेयर प्रिमियम | पुनर्मूल्यांकन कोष | संचित नाफा (नोक्सान) | साधारण जगेडा कोष | सहकारी विकास कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|
| मौज्दात आषाढ ३१, २०६१ | ३३,७३१,१०० | | | | | | ३३,७३१,१०० |
| लेखानीतिमा परिवर्तन | - | - | - | - | - | - | - |
| पुनर्स्थापित मौज्दात | ३३,७३१,१०० | | | | | | ३३,७३१,१०० |
| समायोजन: | | | | | | | |
| सम्पत्ति पुनर्मूल्यांकनमा बचत (घाटा) | | | | | | | |
| लगानी पुनर्मूल्यांकनमा बचत (घाटा) | | | | | | | |
| आय विवरणमा समावेश नगरिएका नाफा/घाटा | | | | | | | |
| यस वर्षको खूद नाफा | | | | १०,१३९ | | | १०,१३९ |
| लाभांश | | | | | | | |
| शेयर पूंजी निष्कासन | ४,९८५,००० | | | | | | ४,९८५,००० |
| साधारण जगेडा कोष | | | | (२,५३५) | २,५३५ | | |
| मौज्दात आषाढ ३१, २०६२ | ३८,७१६,१०० | | | ७,६०४ | २,५३५ | | ३८,७२६,२३९ |
| सम्पत्ति पुनर्मूल्यांकनमा बचत (घाटा) | | | | | | | |
| लगानी पुनर्मूल्यांकनमा बचत (घाटा) | | | | | | | |
| आय विवरणमा समावेश नगरिएका नाफा/घाटा | | | | | | | |
| यस वर्षको खूद नाफा | | | | २६,४०८ | | | २६,४०८ |
| लाभांश | | | | | | | |
| शेयर पूंजी निष्कासन | ६,१७१,००० | | | | | | ६,१७१,००० |
| साधारण जगेडा कोष | | | | (६,६०२) | ६,६०२ | | - |
| मौज्दात आषाढ ३२, २०६३ | ४४,८८७,१०० | | | २७,४१० | ९,१३७ | | ४४,९२३,६४७ |

## शेयर पूँजी

(२०६३ आषाढ मसान्त)

अनुसूची १

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| | अधिकृत पूँजी | |
| | ६४०००० साधारण शेयर प्रति शेयर रु १००० | ६४०,०००,००० |
| | जारी पुँजी | |
| | ३२०००० साधारण शेयर प्रति शेयर रु १००० | ३२०,०००,००० |
| | चुक्ता पूँजी | |
| १५,६२०,००० | क वर्ग ( १० देखि ५०० थान ) | २०,२७२,००० |
| ७,९३६,००० | ख वर्ग ( ५०१ देखि २५०० थान ) | ९,४६२,००० |
| ५,०२५,५०० | ग वर्ग ( २५०१ देखि ५००० थान ) | ५,०२५,५०० |
| – | घ वर्ग ( ५००० भन्दा ) | – |
| १०,०००,००० | नेपाल सरकार | १०,०००,००० |
| १३४,६०० | अन्य ( आंशिक भूक्तानी भएको ) | १२७,६०० |
| ३८,७१६,१०० | जम्मा | ४४,८८७,१०० |

## जगेडा तथा कोषहरु

(२०६३ आषाढ मसान्त)

अनुसूची २

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| २,५३५ | १ साधारण जगेडा कोष | ९,१३९ |
| – | २ अन्य कोष | – |
| ७,६०४ | ३ सञ्चित नाफा/ (नोक्सान) | २७,४१० |
| १०,१३९ | जम्मा | ३६,५४९ |

## निक्षेप हिसाब

(२०६३ आषाढ मसान्त)

अनुसुची ३

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| ७५,००० | क मूद्दती | ३,७४७,९२० |
| – | ख क्रमिक बचत | ३७,५८७ |
| २१,४२६,५२१ | ख साधारण बचत (मासिक मौज्दात ) | ३९,५१२,०९२ |
| १३,३५१,५७१ | ग साधारण बचत (दैनिक मौन्दात) | ४६,२२४,७०८ |
| २१,३७४,०२२ | घ साधारण बचत (दैनिक मौज्दात रकमको आधारमा ) | २९,११५,८२४ |
| ५६,२२७,११४ | जम्मा | ११८,६३८,१३० |

## अन्य दायित्व

(२०६३ आषाढ मसान्त)

अनुसुची ४

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| | उपदान कोष | ५०,५०० |
| ११६,३०७ | अग्रीम कर | ५३४,५१२ |
| ४,४०६ | निक्षेपमा भूक्तानी दिन बांकी व्याज | २०१,४२१ |
| ४,८२८ | आयकर व्यवस्था | |
| १,१२६ | कर्मचारी वोनस व्यवस्था | ३,७६७ |
| ४७,७७८ | सन्ड्री क्रेडिटर्स | २०,९४८ |
| १४,००० | लेखा परीक्षण शूल्क | १९,००० |
| १८८,४४६ | जम्मा | ८३०,१४७ |

## बैंक तथा नगद मौज्दात

(२०६३ आषाढ मसान्त)

अनुसुची ५

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| २९,०१९,१५४ | नगद मौज्दात | २,५४०,३०२ |
| ३,९२७,९०७ | नेपाल बंगलादेश बैंक | २१,६९४,१०० |
| - | नेपाल क्रेडिट एण्ड कमर्श बैंक | १४१,९३७ |
| - | अन्नपूर्ण विकास बैंक | ३३८,३२० |
| - | बुटवल फाइनान्स कम्पनी | ३५८,५१९ |
| ३२,९४७,०६१ | जम्मा | २५,०७३,१७८ |

## कर्जा तथा लगानी

(२०६३ आषाढ मसान्त)

अनुसुची ६

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| २२,९६९,१५८ | कर्जा | ८२,१६३,७३८ |
| २३,२०१,१७० | सहकारी संस्थाहरुलाई कर्जा | ८२,९९३,६७५ |
| (२३२,०१२) | *न्युन: कर्जा नोक्सानी व्यवस्था* | (८२९,९३७) |
| ३५,५८८,३२४ | लगानी | ५३,९२०,११३ |
| ३५,५८८,३२४ | संघसंस्थाहरुमा लगानी | ५३,९२०,११३ |
| ५८,५५७,४८२ | जम्मा | १३६,०८३,८५१ |

## अन्य सम्पति

(२०६३ आषाढ मसान्त)

अनुसुची ८

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| ६४८,४८० | चालू सम्पत्ति | ६९०,०२१ |
| १०,००० | टेलिफोन धरौटी | १०,००० |
| ५६७,४८७ | पेश्की तथा सापट | २३,३६० |
| - | अग्रिम कर | ३,४३१ |
| १४,५२४ | लगानीमा असूल गर्नू पर्ने व्याज | ७९,८११ |
| (१४,५२४) | *न्युन: व्याज मूल्तवी हिसाब* | (३६,०६९) |
| - | अन्य आसामीहरु | ३५०,००० |
| ७०,९९३ | मसलन्द मौज्दात | ५१,६२७ |
| - | अपलेखन हुन बांकी खर्च | २०७,९१२ |
| ९२४,८८८ | पूर्व सञ्चालन खर्च | ७३१,९१० |
| १,५७३,३६८ | जम्मा | १,४२१,९३१ |

अनुसूची ७

## स्थिर सम्पत्तिको बिबरण
### २०६३ आषाढ मसान्त

| गत वर्ष | बिवरण | सम्पत्ति: भवन | सवारी साधन | मेशीनरी | कार्यालय सामान | अन्य | यस वर्ष |
|---|---|---|---|---|---|---|---|
| | १. परलमोल | | | | | | |
| ३४९,८४१ | क) गत वर्षको मौज्दात | | | - | २,२८९,३९१ | - | २,२८९,३९१ |
| १,९३९,५५० | ख) यस वर्ष थप | | १२०,०५० | - | २१४,६७९ | - | ३३४,७२९ |
| - | ग) यस वर्ष पुनर्मुल्यांकन । पूनर्लेखन | | | - | - | - | - |
| - | घ) यस वर्षको विक्री | | | - | - | - | - |
| - | ङ.) यस वर्षको अपलेखन | | | - | - | - | - |
| २,२८९,३९१ | कुल परल मोल | | १२०,०५० | - | २,५०४,०७० | - | २,६२४,१२० |
| | २. ह्रास कट्टी | | | | | | |
| - | क) गत वर्षसम्मको | - | - | - | २२५,५०४ | - | २२५,५०४ |
| २२५,५०४ | ख) यस वर्षको | - | २४,०१० | - | ५६९,६४१ | - | ५९३,६५१ |
| - | ग) ह्रास कट्टी पुनर्मुल्यांकन । पूनर्लेखन | - | | - | - | - | - |
| २२५,५०४ | कुल ह्रास कट्टी | - | २४,०१० | - | ७९५,१४६ | - | ८१९,१५६ |
| २,०६३,८८७ | ३. खाता मुल्य (WDV) | - | ९६,०४० | - | १,७०८,९२४ | - | १,८०४,९६४ |
| - | ४. जग्गा | - | - | - | - | - | - |
| | ५. पुंजीगत निर्माण (WIP) | - | - | - | - | - | - |
| - | ६. लीजहोल्ड सम्पत्ति | - | - | - | - | - | |
| २,०६३,८८७ | जम्मा | - | ९६,०४० | - | १,७०८,९२४ | - | १,८०४,९६४ |

## ब्याज आम्दानी

(२०६२ श्रावण १ देखि २०६३ आषाढ मसान्तसम्म)

अनुसूची ९

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | कर्जा सापट तथा लगानीमा | ८,२७४,३२१ |
| | बैंक मौज्दातमा | १,२०२,७८६ |
| ४,३४०,३१६ | जम्मा | ९,४७७,१०७ |

## ब्याज खर्च

(२०६२ श्रावण १ देखि २०६३ आषाढ मसान्तसम्म)

अनुसूची १०

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| ४,९४८ | मुद्धति | २२५,३२७ |
| – | क्रमिक बचत | १,२२० |
| ६१६,४७० | साधारण बचत (न्युनतम मौज्दात) | १,०५१,८५५ |
| ३१४,३१९ | साधारण बचत (दैनिक मौज्दात) | १,६४७,२०८ |
| १९८,५५६ | साधारण बचत (दैनिक मौज्दात रकमको आधारमा) | १,५५७,६१३ |
| १,१३४,२९४ | जम्मा | ४,४८३,२२४ |

## अन्य आम्दानी

(२०६२ श्रावण १ देखि २०६३ आषाढ मसान्तसम्म)

अनुसूची ११

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| – | सेवाशूल्क आम्दानी | ७८६,४०१ |
| ४४३,९७० | प्रवेश शूल्क आम्दानी | ११०,१०० |
| – | विविध आम्दानी | १०५,३३१ |
| ४४३,९७० | जम्मा | १,००१,८३३ |

## कर्मचारी खर्च

(२०६२ श्रावण १ देखि २०६३ आषाढ मसान्तसम्म)

अनुसूची १२

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| ९४८,४४९ | तलब खर्च | १,०१०,११६ |
| ९४,१४४ | यातायात | ९०,६०० |
| ३१,३१५ | संचयकोष | ३३,२३६ |
| ९१,७६८ | तालिम | १०,२५० |
| ३६,६२८ | पोशाक | ५६,४९० |
| १३,००० | दशै खर्च | ८२,३०० |
| – | ओभरटाइम | ३०,३६६ |
| – | बिदा खर्च | ५१,३३३ |
| – | व्यापार प्रवर्द्धन तथा अतिथि सत्कार खर्च | २०१,००० |
| – | उपदान व्यवस्था | ५०,५०० |
| १,२१५,३०४ | जम्मा | १,६१६,१९२ |

## अन्य सञ्चालन खर्च

(२०६२ श्रावण १ देखि २०६३ आषाढ मसान्तसम्म)

अनुसुची १३

| गत बर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| २७४,२६० | घर भाडा | २९६,७५८ |
| १२,०१० | विमा | १७,४३२ |
| २४,२९८ | बत्ति, बिजूली र पानी | ३२,२८० |
| ५७,१३९ | टेलीफोन, फयाक्स र टिकट | ८५,९०० |
| ११२,६८३ | छपाइं तथा मशलन्द | १८३,०१२ |
| ८,१७४ | पत्रपत्रिका | १०,३१८ |
| ३१०,०३२ | विज्ञापन तथा प्रवर्द्धन | ७७,८३८ |
| ३७,६४० | सूरक्षा | ३७,७४४ |
| ६,६१४ | इन्धन खर्च | ५,४४० |
| ४४,७२६ | भ्रमण खर्च | ६५,२९६ |
| ५४,८७३ | नखप्ने सामान | १४,१५३ |
| २३,५५० | सुचना तथा सञ्चार | - |
| ७२,५९९ | अतिथी सत्कार | १०८,४८९ |
| २३,७३५ | विविध खर्च | २९,५११ |
| ३३,३४७ | फाँनीसिङ खर्च | ३३,२५० |
| २४,०४८ | ममंत तथा संभार | ७८,४३६ |
| २०५,०७३ | सञ्चालक समिति सम्बन्धी खर्च | |
| | बैठक भत्ता | ६४,८०० |
| | बैठक खर्च | ५७०,०७४ |
| १,९६० | शाखा विस्तार | ५१,९५२ |
| १४४,३८३ | कार्यक्रम खर्च | ३०६,३७७ |
| १४,००० | लेखापरीक्षण शूल्क | २४,००० |
| ४६६,४३६ | साधारण सभा खर्च | ८८०,९६२ |
| २२५,५०४ | ह्रासकट्टी खर्च | ५९३,६५१ |
| – | पुर्व सञ्चालन खर्च अपलेखन | १८४,९७८ |
| **२,१७७,०८३** | **जम्मा** | **३,७५२,५५०** |

## सम्भावित नोक्सानी व्यवस्था

(आर्थिक वर्ष २०६२/६३)

अनुसुची १४

| गत बर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| २३२,०१२ | कर्जा नोक्सानी व्यवस्थामा भएको बृद्दि | ५९७,९२५ |
| – | लगानी नोक्सानी व्यवस्थामा भएको बृद्दि | – |
| – | अन्य सम्पत्तिमा गरिएको व्यवस्था | – |
| **३,१०१,०३६** | **जम्मा** | **५९७,९२५** |

अनुसूची १६

१) कर्जा सापट तथा लगानीको वर्गीकृत विवरण:

| विवरण | २०६२ | २०६३ | बृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| असल | २३,२०१,१७० | ८२,९९३,६७५ | ३५८ |
| कमसल | - | - | - |
| शंकास्पद | - | - | - |
| खराब | - | - | - |

२) निक्षेप दायित्वमा परिवर्तन:

| विवरण | आषाढ मसान्त | | परिवर्तन % |
|---|---|---|---|
| | २०६२ | २०६३ | |
| मुद्दति | ७५,००० | ३,७४७,९२० | ४,९९७ |
| ऋमिक बचत | - | ३७,५८७ | - |
| साधारण बचत (न्यूनतम मौज्दात) | २१,४२६,५२१ | ३९,५१२,०९२ | १८४ |
| साधारण बचत (दैनिक मौज्दात) | १३,३५१,५७१ | ४६,२२४,७०८ | ३४६ |
| साधारण बचत (दैनिक मौज्दात रकमको आधारमा) | २१,३७४,०२२ | २९,११५,८२४ | १३६ |

३) लगानी

राष्ट्रिय सहकारी संघमा गरिएको शेयर लगानी रु. १,०५,०००।- लाई संघसंस्थाहरुमा लगानी शिर्षकमा समावेश गरिएको छ ।

४) आयकर व्यवस्था

गत वर्ष आयकर ऐन, २०५८ अनुसार आय निर्धारण हुदा नोक्सानी कायम भएको र चालू वर्ष समेत आयकर निर्धारण प्रयोजनका लागि नोक्सानी नै कायम हुने देखिएकोले आयकर व्यवस्था गरिएको छैन ।

५) व्याज मुल्तवी:

व्याज आम्दानीतर्फ सहकारी विभागको निर्देशानुसार २०६३ आषाढ मसान्तसम्म असुल हुन बाँकीमध्ये २०६३ आश्विन मसान्तसम्म असूल भै बाँकी रहेको रु ३६,०६९। लाई व्याज मुल्तवी हिसाबमा सारिएको छ ।

६) साधारण जगेडा कोष:

सहकारी ऐन अनुसार बैंकको खुद मुनाफाको २५ प्रतिशत रकम अर्थात रु ६,६०२।- साधारण जगेडा कोषमा स्थानान्तरण गरिएको छ ।

७) अपलेखन हुन बाँकी खर्च:

शाखा विस्तारको लागि भएको जम्मा खर्च रु २,५९,७४४।- लाई "अपलेखन हुन बाँकी खर्च" अन्तर्गत देखाइएको छ, जसलाई खर्च भएको ५ वर्षभित्र परिशोधन (Amortization) गरिने छ । तद्अनुरुप यस वर्ष रु ५१,९५२।- नाफा/नोक्सान हिसाबमा खर्च जनाई परिशोधन गरिएको छ ।

८) पूर्व सञ्चालन खर्चको अपलेखन

पूर्व सञ्चालन खर्चमध्ये यस आर्थिक वर्षदेखि पाँच बर्षभित्र अपलेखन गर्ने गरि अपलेखन गर्न शुरु गरिएको छ । तद्अनुसार यस वर्ष रु १,८४,९७८।- अपलेखन गरिएको छ ।

९) समायोजन

अंकहरुलाई निकट्तम रुपैयामा परिवर्तन गरी देखाइनुका साथै गत वर्षका केही अंकहरु तुलनायोग्य वनाउन पुनर्वर्गिकरण गरिएको छ ।

## प्रमुख लेखा नीतिहरु

अनुसूची १५

१) वित्तीय विवरण प्रस्तुतीकरणको आधार:

प्रस्तुत लेखा नीतिहरुमा अन्यथा उल्लेख भएका अवस्थाहरु बाहेक बैंकको आर्थिक कारोबारहरुको लेखा नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन, नियम तथा सहकारी विभागद्धारा जारी निर्देशनहरुको अधिनमा रही तयार पारिएको छ ।

२) लेखाका आधारहरु:

वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन । ती विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक एक्रुयल (Accrual) आधारमा तयार पारिएका छन् ।

३) स्थीर सम्पत्तिमा ह्रास कट्टी:

क) स्थीर सम्पत्ति ह्रास कट्टी पश्चात देखाइएको छ ।

ख) स्थीर सम्पत्तिको ह्रास कट्टी घट्दो ह्रास कट्टी दर प्रणाली अनुसार नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको छ । विभिन्न सम्पत्तिमा निम्नलिखित दरमा ह्रास कट्टी गर्ने गरिएको छ ।

| सम्पत्तिको वर्ग | ह्रास कट्टी दर (प्रतिशतमा) |
|---|---|
| सवारी साधन | २० |
| कार्यालय सामान | २५ |

४) आयकर व्यवस्था:

आयकर ऐन २०५८ (संशोधन सहित) बमोजिम आयकर व्यवस्था गरिएको छ ।

५) कर्जा नोक्सानी व्यवस्था:

बैंकको कर्जा जोखिमलाई न्यून गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । सहकारी विभागद्धारा जारी निर्देशिकाको आधारमा कर्जा वर्गीकरण गरी तोकिएको दरमा नोक्सानी व्यवस्था गरिएको छ ।

६) व्याज आम्दानी:

कर्जा सापटीमा प्राप्त हुने व्याज सहकारी विभागको निर्देशिका अनुसार नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ । सोही निर्देशिकाकै आधारमा आषाढ मसान्तसम्म पाकेको र आश्विन मसान्तभित्र संकलन भएको व्याजलाई सोही वर्षकै व्याज आम्दानीको रुपमा जनाइएको छ ।

७) व्याज खर्च:

क) निक्षेप दायित्वमा तिनुपर्ने व्याजलाई पाकेको आधारमा लेखांकन गरिएको छ ।

ख) निक्षेपमा दिइने व्याज ३६५ दिनलाई १ वर्षको आधार मानी गणना गरिएको छ ।

ग) खाताको प्रकृति अनुसार वार्षिक र ६/६ महिनामा व्याज दिने गरिएको छ ।

८) शाखा कार्यालयको हिसाब:

शाखा कार्यालयको कारोवारलाई एकीकृत गरी वित्तीय विवरणमा दर्शाइएको छ ।

९) शेयर हिसाब:

शेयर बापत आंशिक रुपमा जम्मा हुन आएको रकमलाई पनि शेयर पूंजीमा समावेश गरिएको छ ।

१०) कर्मचारी उपदान कोष:

बैंकको कर्मचारी प्रशासन नियमावली अनुसार वर्षभरिको कूल तलव रकमको ५ प्रतिशत रकम कर्मचारी खर्चमा समावेश गरी उपदान कोषमा छुट्टयाई अन्य दायित्व अन्तर्गत देखाइएको छ ।

११) कर्मचारी बोनस:

आयकर व्यवस्थाअघि (कर्मचारी बोनस व्यवस्था पश्चात) को खुद नाफाको १० प्रतिशत रकम कर्मचारी बोनसको लागि छुट्टयाइएको छ ।

१२) कर्मचारी विदावापतको भुक्तानी:

कर्मचारी विदावापतको भुक्तानीलाई नगद भुक्तानीको आधारमा लेखांकन गरिएको छ ।

१३) स्टेशनरी मौज्दात

स्टेशनरी समानहरुको मौज्दातलाई लागत मूल्यको आधरमा लेखांकन गरिएको र उपयोग गरिएको समयमा खर्च जनाइएको छ ।

# राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा निर्मित राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि उपयुक्त कानूनी स्वरुप र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरुको सारांश

## सुझावहरुको सारंश

१. राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution-STI) स्थापना गर्नुपर्ने,

२. STI गठन नहुन्जेलसम्म राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्नुपर्ने र नेपाल राष्ट्र बैंकको नियमनमा रहेपछि संस्थागत निक्षेप र ऋण तथा सस्तो व्याजको वित्तीय स्रोत (अन्तर्राष्ट्रिय ऋण तथा अनुदान) समेतमा पहुँच दिनसकिने,

३. STI गठन नभए वा सो कार्यमा निकै समय लाग्नसक्ने भए बचत तथा ऋण सहकारी संस्थाको स्थापना, सञ्चालन, नियमन, निरीक्षण तथा नियन्त्रण (गलत कार्य गर्नबाट) का लागि र राष्ट्रिय सहकारी बैंकलाई सुसञ्चालन गर्न र नेपाल राष्ट्र बैंकको नियमनमा राख्न सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्नुपर्ने,

४. बचत तथा ऋण र अन्य सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैंक ऐन" को तर्जुमा गरी लागू गर्नुपर्ने,

५. STI गठन भएपछि नेपाल राष्ट्र बैंकले इजाजत प्रदान गरेका संस्थाहरूको लागि छुट्टै कुनै व्यवस्था गर्नु नपर्ने तर सो नभएसम्म नेपाल राष्ट्र बैंकले यथावत् नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरिनै रहनुपर्ने,

६. सहकारी संस्था नियमन तथा अनुगमनसम्बन्धी नीति निर्देशन तयार गर्न कृषि तथा सहकारी मन्त्रालय/सहकारी विभागअन्तर्गत सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय समिति गठन गर्नुपर्ने,

७. समितिका सदस्य संस्थाहरूबाट केही दक्ष व्यक्तिहरू सहकारी विभागमा काजमा खटाई त्यस्ता कर्मचारी र सहकारी विभागका कर्मचारीहरूलाई तालीमको व्यवस्था गरी केही बचत तथा ऋण सहकारी संस्थाहरूको निरीक्षण कार्य तत्कालै शुरू गर्नुपर्ने,

८. सहकारी शिक्षा र तालीमलाई विस्तार गर्न हालको प्रशिक्षण केन्द्रलाई "राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठान" को रुपमा विकसित गर्ने र सो प्रतिष्ठान संचालन गर्न सहकारी तालीम परिषद् गठन गर्नुपर्ने,

९. सम्बन्धित विषयगत जिल्लास्तरीय सहकारी संघ र जिल्ला सहकारी संघहरूलाई स्थानीयस्तरको स्वनियमनकारी निकायको रुपमा विकसित गर्नुपर्ने र सम्बन्धित विषयगत जिल्ला एवं केन्द्रीय संघ र राष्ट्रिय सहकारी संघमा अनिवार्य संबद्धता लिने/दिने व्यवस्था गर्नुपर्ने,

१०. सहकारी संस्थाहरू तथा राष्ट्रिय सहकारी बैंक निजी क्षेत्रका संगठित निकाय (Corporate Body) नभई सहकारी निकाय (Co-operate Body) भएको र तिनको प्रमुख उद्देश्य मुनाफा आर्जन नभएकाले महानगरपालिका, उपमहानगरपालिकाहरू तथा उपमहानगरपालिका उन्मूख नगरपालिकाहरू बाहेक अन्यत्र स्थापित सहकारी संस्थाहरूलाई संस्थागत कर (Corporate Tax) नलगाउने र कर लाग्ने क्षेत्रहरूमा पनि सहकारी कर (Co-operative Tax) लगाई बढीमा १० प्रतिशत मात्र करको दर कायम गर्नुपर्ने,

११. ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory Threshold) कायम गरी सोभन्दा कम कारोवार गर्ने संस्थालाई स्तर निर्धारणसम्बन्धी स्वनियमन मापदण्ड (Self-regulatory Standard) निर्धारण गरी सोभित्रै रहन दिनुपर्ने,

१२. विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा सकभर सहकारी पद्धतिकै रुपमा सुदृढ हुन आवधिक रुपमा उत्प्रेरित गर्ने र सो सम्भव नभएमा नजिर नरहने गरी एक पटकका लागि कम्पनीमा रुपान्तरण हुने व्यवस्था गर्ने,

१३. बचत तथा ऋण सहकारी संस्थाले PEARLS Rating प्रणाली र अन्य सहकारी संस्थाहरुको हकमा पनि वित्तीय अनुपातहरू (Ratios) लागू गर्नुपर्ने,

१४. बचत तथा ऋण सहकारी संस्थाहरूले सामाजिक सुरक्षाका कार्यहरुका अतिरिक्त लघु जोखिम बहन (बीमा जस्तै) सम्बन्धी कार्य गर्नसक्ने व्यवस्था हुनुपर्ने, "बीमा" शब्द प्रयोगका लागि बीमा आचार संहिताको व्यवस्था गर्नुपर्ने,

१६. बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने,

१७. बचत तथा ऋण सहकारी संस्था दर्तासम्बन्धी निश्चित मापदण्ड १५ दिनभित्र तयार गरी ७५ वटै जिल्लामा दर्ता प्रक्रिया तत्काल शुरुगर्ने । सहकारी कार्यालयहरू नभएका जिल्लाहरूमा कृषि कार्यालयमार्फत् सो दर्ता गर्ने व्यवस्था गर्ने । यसका लागि आवश्यक परे सहकारी ऐनमा समेत संशोधन गर्ने । सहकारी कार्यालयहरू भएका जिल्लाहरूमा पनि दरवन्दी अनुरुप कर्मचारी व्यवस्था गर्ने ।

१८. सहकारी कार्यालयहरू अवस्थित नभएका जिल्लाहरूमा बचत तथा ऋण सहकारी संस्था दर्ता तथा नियमनसम्बन्धी कार्य गर्न कृषि कार्यालयहरुमा थप कर्मचारीको व्यवस्था गरी तालीम प्रदानगर्ने । बचत तथा ऋण सहकारिताबारे तालीमप्राप्त कर्मचारीहरूमार्फत् यी कार्यालयहरूले पनि बचत तथा ऋण कारोवारसम्बन्धी संस्थाहरू दर्ता तथा नियमन गर्नुपर्ने,

१९. बहुउद्देश्यीय सहकारी संस्थाको रुपमा दर्ता भएर बचत तथा ऋण सहकारीको मात्र कार्य गर्न नपाउने, सो गर्ने भए निश्चित अवधिभित्र अन्य कार्यहरू त्यागनुपर्ने,

२०. बचत तथा ऋण सहकारी संस्थाका शाखाहरू जुनजुन क्षेत्रमा कार्यरत छन् ती शाखाहरूलाई दुई वर्षभित्र प्रारम्भिक सस्थाको रुपमा विकसित गर्ने । यो कार्य सहकारी विभाग र सम्बन्धित संस्थाले गर्ने,

२१. सहकारी बैंक ऐन वा STI गठन नहुन्जेल नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरुबारेको व्यवस्था यथावत रहन दिने,

२२. बचत तथा ऋण सहकारी संस्थाको संचालक समितिको गठन विधि, संचालकको पदावधि, नयाँ निर्वाचनबाट आउनसक्ने संचालकहरु, कार्यकारी संचालकहरुको संख्या/अनुपात र कार्यविधिबारे एकरुपता ल्याउने गरी नियम बनाउनुपर्ने,

२३. बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण हुनसक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरू सरल तुल्याउनुपर्ने,

२४. भ्रष्टाचार निवारण ऐनमा राष्ट्र सेवकले सहकारी संस्थाको सदस्य बन्न नपाउने व्यवस्था भएकोमा त्यसमा संशोधन गरी सदस्य बन्न पाउने व्यवस्था गर्ने,

२५. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा सबै प्रकारको निक्षेप लिने र कर्जा दिने कारोवार गर्न बैंकको स्वीकृत लिनुपर्ने प्रावधानमा संशोधन गरी "समूहमा आधारित बाहेक" भन्ने वाक्यांश थप्नुपर्ने,

२६. लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण नगराउने र साधारणसभा नबसाल्ने सहकारी संघ संस्थाहरूको निर्धारित प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,

२७. यो प्रतिवदन कार्यान्वियनका लागि सहकारी विज्ञहरू समावेश भएको एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सोमार्फत् समयबद्ध कार्य तालिका बनाई सुझावहरू कार्यान्वयन गर्दैजाने,

२८. STI गठन नहुन्जेल बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

२९. विभिन्न विकास परियोजनाअन्तर्गत गठित समूहहरूलाई सहकारीकरण गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

३०. बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असूली कार्यलाई सघाउ पुऱ्याउन यस्ता सहकारी संस्थाहरूलाई पनि ऋण असूली ऐनको संयन्त्रमा समावेश गर्ने,

३१. सहकारी संस्थाहरूबाट सरकारले वस्तु वा सेवा खरीद गर्दा वा सरकारको सम्पत्ती वा सेवा सहकारी संस्थालाई बिक्री गर्दा आर्थिक कार्यविधिको प्रक्रिया (टेण्डर, कोटेशन आदि) अबलम्बन गरी राख्नुनपर्ने गरी आर्थिक प्रशासन नियमावलीमा संशोधन गर्ने ।

# तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहालको अध्यक्षतामा गठीत सहकारी क्षेत्र सुधार सुझाव उच्चस्तरीय समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश

**सुझावहरूको सारंश**

१. निजी क्षेत्रको लगानी आकर्षण हुन नसकेका र आर्थिक विकासको प्रवाहमा नसमेटिएका क्षेत्रहरू समेतमा स्थानीय जनताहरूको स्वःस्फूर्त प्रयासबाट आफै व्यावसाहिक सेवाको उपभोग गर्नसक्ने सहकारी उद्यमहरूको बाहुल्यता कायम गर्ने ।

२. सुधारसहित्को न्यायोचित विकासबाट गरिबी निवारणमा योगदान पुऱ्याई सु-संस्कृत, आधुनिक, प्रजातान्त्रिक एवं प्रतिस्पर्धात्मक क्षमतायुक्त समाजको सिर्जना गर्ने ।

३. खुल्ला बजार अर्थव्यवस्थामा गरिबी निवारणका लागि लक्षित वर्ग, समुदाय र जनतालाई सशक्तिकरण गरेर सामुहिक रुपमा आर्थिक तथा सामाजिक विकास गर्ने प्रणालीको रुपमा स्थापित गर्न सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रको आधारभूत एवं महत्त्वपूर्ण क्षेत्रको रुपमा अंगिकार गर्ने गरी राज्यले सार्वजनिक प्रतिवद्धता सहित राष्ट्रिय सहकारी नीति २०६१ सार्वजनिक गर्ने ।

४. सहकारीताका सिद्धान्त र उदार अर्थनीति अनुरुप व्यावसायिक सोचका आधारमा स्वःस्फूर्त सहकारी सस्थाहरू विकसित गरी विकासको मूल प्रवाहमा नसमेटिएका समुदाय लगायतलाई सहकारी पहिचानका आधारहरू किटान गर्ने ।

५. सहकारी संघ संस्थाहरूमा व्यवसायिक व्यवस्थापनको विकास, संस्थागत वित्तीय पहूंचमा बृद्धि गरी सहकारी व्यवसायलाई उत्पादनमुखी र प्रतिस्पर्धी बनाउँदै सदस्यहरूको सामाजिक तथा आर्थिक हितमा केन्द्रीत व्यवसायिक सँगठनको रुपमा विकसित गर्ने ।

६. सहकारी क्षेत्रमा कार्यरत जनशक्ति (सरकारी कर्मचारी, संघ/संस्थाका साधारण सदस्य, संचालक र कर्मचारी) लाई समेटेर आवश्यक दक्ष जनशक्ति र विशेषज्ञता (Specialization) को विकास गर्ने ।

७. सहकारी संघ/संस्थाहरुको संस्थागत सुदृढीकरण र व्यवसायिक व्यवस्थापन क्षमता वृद्धि गर्न मागअनुसारको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

८. सहकारी क्षेत्रको विकाससँग सम्बन्धित विषयगत र वस्तुगत तथ्याङ्क संकलन एवं संप्रेषण गरी यस क्षेत्रको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

९. सहकारी मूल्य, मान्यता र सिद्धान्तबमोजिम संचालित सहकारी संघ/संस्थालाई संस्थागत कर (Corporate tax) नलाग्ने कानूनी व्यवस्था गर्ने ।

१०. कृषि उत्पादन गर्ने, कृषि उपजको प्रशोधन र अन्य मूल्य अभिवृद्धि (Value Addition) को कारोवार गर्ने, उपजका अग्र-पृष्ठ सम्बन्ध (Forward - Backward Linkage) को विकासबाट सम्पूर्ण कर छुटलगायत् अन्य छुट सुविधासमेत दिने । त्यस्ता सहकारी संघ/संस्थाहरूलाई कृषि नीति र कृषि क्षेत्रका आयोजनाहरूसँग सम्बद्ध गरी थप सहुलियतको व्यवस्था गर्ने ।

११. ग्रामीण क्षेत्रमा गरिने कृषि/ग्रामीण सडक एवं पूर्वाधार विकासका कार्यक्रमलाई सहकारी व्यवसायसँग आवद्ध गराउने र कृषि बजार विकासका संरचना निर्माण एवं संञ्चालनमा उत्पादक कृषकका सहकारी संस्थाहरूलाई प्रत्यक्ष संलग्न गराउने व्यवस्था मिलाउने ।

१२. सहकारी क्षेत्र खासगरी कृषि क्षेत्रसँग सम्वद्ध सहकारी र सरकारवीच साझेदारी बढाउन सरकार- सहकारी साझेदारी विकासमा जोड दिने ।




बैंक उद्‌घाटन कार्यक्रमको एक झलक




राष्ट्रिय सहकारी बैंक लिमिटेडको दोश्रो वार्षिकोत्सवको एक झलक

# अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारिताका मूल्य तथा सिद्धान्तहरू

### १. परिभाषा:

सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत् आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकाङ्क्षाहरू परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो।

### २. मूल्य:

सहकारी संस्थाहरू स्वावलम्वन, स्व-उत्तरदायी, प्रजातान्त्रिक, समानता, न्याय र ऐक्यवद्धताका मूल्यहरूमा आधारित छन्। आफ्ना संस्थापकहरूको परम्परामा सहकारी संस्थाका सदस्यहरूले इमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरूको चासो राख्ने नैतिक मूल्यहरूमा विश्वास राख्छन्।

### ३. सिद्धान्त:

सहकारी सिद्धान्तहरू सहकारी संस्थाहरूद्वारा आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शनहरू हुन्।

#### क) पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यता:

सहकारी संस्थाहरू स्वेच्छिक संगठन हुन्। यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नचाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ। यी संस्थाहरूमा प्रवाह गर्ने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नसक्ने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ। यी संस्थाहरूमा लिङ्ग, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभाव रहदैन।

#### ख) दोस्रो सिद्धान्त: सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण :

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्तिक संगठन हुन्। यी संस्थाका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी बन्छन्। निर्वाचित प्रतिनिधिको रूपमा सेवा गर्ने महिला तथा पुरुषहरू आफ्ना संस्थाका सदस्यहरूप्रति उत्तरदायी हुन्छन्। प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ भने अन्य तहका सहकारी संस्थाहरू पनि प्रजातान्त्रिक आधारमा गठन गरिन्छ।

#### ग) तेस्रो सिद्धान्त: सदस्यको आर्थिक सहभागिता :

सहकारी संस्थाका सदस्यहरू आफ्नो संस्थाको पूँजीमा न्यायिक रूपमा सहभागी हुन्छन् र यस पूँजीमाथि नियन्त्रण राख्छन्। कम्तिमा खासगरी यस पूँजीको केही भाग सहकारी संस्थाको साझा सम्पत्ति हुन्छ। यस संस्थामा बचत (नाफा) भएमा सदस्यहरूले आफ्नो सदस्यताको लागि चुक्ता गरेको शेयर पूँजीमा सीमित बचत फिर्ता पाउँछन्। यी सदस्यहरूले निम्न केही वा सबै उद्देश्य प्राप्तिका लागि बचत रकम छुट्याउँछन्।

१. आफ्नो संस्थाको विकास गर्न,
२. कम्तीमा अभिभाज्य हुने गरी जगेडा कोष खडा गर्न,
३. संस्थासँग आफ्नो कारोवारको अनुपातमा सदस्यहरूलाई लाभ पुऱ्याउन, र
४. सदस्यहरूद्वारा स्वीकृत अन्य कार्यहरूमा सघाउन

#### घ) चौथो सिद्धान्त: स्वायत्तता र स्वतन्त्रता :

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्वी संगठनहरू हुन्। यी संस्थाहरूले वाह्य स्रोतबाट पूँजी सङ्कलन गर्न सरकारलगायत् अन्य संगठनहरूसँग सम्झौता गर्दा यी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण तथा आफ्ना स्वायत्तता कायम राख्नसक्ने शर्तमा विश्वस्त हुनुपर्छ।

#### ङ) पाँचौं सिद्धान्त: शिक्षा, तालीम र सूचना :

सहकारी संस्थाहरूले आफ्नो विकासमा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरूलाई शिक्षा तथा तालीम उपलव्ध गराउँछन्। यी संस्थाहरूले सहकारिताको प्रकृति तथा लाभबारे सामान्य जनता खास गरेर तरूण पुस्ता र बैचारिक अगुवाहरूलाई सुसूचित गर्छन्।

#### च) छैठौं सिद्धान्त: सहकारी संस्थाहरूकाबीच सहयोग :

सहकारी संस्थाहरूले अति प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याई स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संरचनाहरूमा सहभागी भएर सहकारी आन्दोलनलाई सुदृढ गर्छन्।

#### छ) सातौं सिद्धान्त: समुदायप्रति चासो :

सहकारी संस्थाहरूले आफूहरूद्वारा निर्धारित नीतिको आधारमा आफ्ना समुदायहरूको दिगो विकासका लागि कार्य गर्छन्।